का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० असार २०८२,
शुक्रबार
4 July, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न





कांग्रेस बैठक

# एजेण्डा विषयान्तर वाक युद्धमा नेताहरू

> लोकतन्त्रमा फरक मत राख्न पाइन्छ, आलोचना गर्न र गल्ती खोट्याउनु पर्छ नै । तर, यहाँ त व्यक्तिगत लाञ्छाना नै लगाउने गरी नेताहरू बैठकमा प्रस्तुत भएको देखिन्छ
>
> **गुरुराज घिमिरे**
> नेता, नेपाली कांग्रेस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ असार ।

गत १६ असारबाट जारी नेपाली कांग्रेस केन्द्रीय समितिको बैठकमा प्रस्तावित विषयगत एजेण्डाभन्दा बाहिर गएर नेताहरू 'वाक युद्ध'मा उत्रिएका छन् । पार्टीको बैठकलाई सौहार्द, मर्यादित र व्यवस्थित बनाउँदै प्रस्तावित एजेण्डामाथि वैचारिक र समीक्षात्मक बहस गर्नुपर्नेमा नेताहरू एकअर्काप्रति आरोप-प्रत्यारोपमा उत्रिएका हुन् ।

जारी केन्द्रीय समिति बैठक नेताहरूको आपसी विष वमन गर्ने थलोका रूपमा विकास हुँदै गएको कतिपय नेताहरूले टिप्पणी गरेका छन् । सोमबारदेखि सुरू भएको बैठकमा विभिन्न १३ वटा एजेन्डाहरू तय भएपनि विषयवस्तुभन्दा बाहिर आसपी हिलो छ्याप्ने अभिव्यक्तिलाई निरन्तरता दिएका छन् । यसलाई व्यवस्थित गर्न स्वयम सभापति शेरबहादुर देउवालेसमेत सशक्त भूमिका निर्वाह गरेको देखिदैन् ।

बैठकमा बिहीबारसम्म करिब ६० जना केन्द्रीय सदस्यहरूले धारण राखिसकेका छन् । यसबीचमा एक पक्षले व्यक्तिगत रूपमा आक्रोश पोख्दै गर्दा अर्को पक्ष जवाफमा थप आक्रोशित हुने दृश्य सोमबारदेखि नै देखिन देखिएको छ । बैठकमा भएका गर्मागर्मीलाई नेताहरूले नै सार्वजनिक गरेर मिडियामा समेत छताछुल्ल बनाएका छन् ।

बिहीबार केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी मोहन बस्नेतविरूद्ध खनिए । बुधबार महामन्त्री गगन थापाविरूद्ध बैठकमा कडा अभिव्यक्ति दिएका बस्नेतलाई काउण्टर दिदै शिवाकोटीले भ्रष्टाचारका आरोपितले विषवमन गर्दा अरु टुलुटुल हेर्ने अवस्था आएको टिप्पणी गरे । 'भ्रष्टाचारका आरोपितले विषवमन गर्दा अरु टुलुटुल हेर्ने अवस्था आएको छ', उनले भने 'प्रधानमन्त्री र स्वयं पार्टी सभापति, संवैधानिक अंगका प्रमुख तथा पदाधिकारीहरू र विशेषगरी पार्टीका महामन्त्रीविरुद्ध विषवमन गर्दा त्यसलाई टुलुटुलु हेरेर हामीले कस्तो नजिर स्थापित गर्न खोजेका हौं ? कांग्रेसमा मर्यादा, अनुशासन, पदीय गरिमा भन्ने कुरा हुन्छ कि हुँदैन ?'

पूर्वमन्त्रीसमेत रहेका केन्द्रीय सदस्य बस्नेतले बुधबारको बैठकमा महामन्त्री थापाविरूद्ध आक्रमक अभिव्यक्ति दिएका थिए । 'म अन्याय सहन्न, अन्तिमसम्म लड्छु, प्रतिकार गर्छु । धेरै महत्त्वकांक्षा बोकेर दौडिनेहरू होस् गर्नुस्, ठाउँको ठाउँ पर्ला, कुठाउँ पर्ला ।'

आफूलाई अख्तियारले मुद्दा चलाउनमा महामन्त्री थापाको समेत भूमिका रहेको उनको दावी छ । बस्नेतले भनेका छन', 'महामन्त्री गगनजी मलाई मात्रै होइन, बालकृष्ण खाणलाई पनि समाउनुपर्छ भनेर अख्तियारमा लाग्नुभयो, मलाई मात्रै होइन सबै नेतालाई समाउनुहोस्, तपाईं चाहिँ कहाँ जानु हुन्छ नि ! तपाईंको बारेमा हामीले भनिदिएको छैनौं । महामन्त्रीजीका बारेमा मसँग ठूलो फाइल छ, अहिले म धेरै भन्न चाहन्न,' बस्नेतले केन्द्रीय समिति बैठकमा भने, 'यहाँ कोही पनि चोखो छैन, प्रतिशोधको राजनीतिले कसैलाई पनि छाड्दैन ।'

आफूमाथि लगाएको गम्भीर, अराजनीतिक, अशिष्ट र अमर्यादित आरोपलाई महामन्त्री गगन थापाले फोहोरको संज्ञा दिएका छन् । केन्द्रीय समिति बैठकमा बस्नेतले आफूमाथि लगाएको आरोपलाई खारेज गर्दै उनले भनेका छन्, 'फोहोर चलाएर म फोहोरी बन्न चाहन्नँ ।'

लोकतान्त्रिक पार्टीको बैठकलाई आम नागरिकले नजिकबाट हेरिरहेको र नेताहरूको यो खाले प्रवृत्तिबाट सिंगो पार्टी पङ्तिमा नकारात्मक सन्देश प्रवाह भएको पनि नेताहरू नै बताउँछन् । आफू र आफ्ना गुटका नेता ठिक अरू बेठिक भन्ने ढंगले प्रस्तुत हुनु सिंगो पार्टीहित विपरीत भएको नेपाली कांग्रेसका युवा नेता गुरुराज घिमिरे बताउँछन् । उनले भने 'सर्वोच्च कार्यकारी समितिमा बसेका नेताहरू पृष्ठ २ मा

# ब्रान्डको नक्कल गर्ने उद्योगलाई १० लाख जरिवानाको प्रस्ताव

व्यापार सम्बद्ध बौद्धिक सम्पति अधिकारसम्बन्धी महासन्धिअनुसार पक्ष राष्ट्रको रूपमा औद्योगिक बौद्धिक सम्पतिको संरक्षणका लागि पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, व्यापार चिह्नलगायतलाई कानुन बनाएर अंगीकार गर्ने प्रतिबद्धता सरकारले विधेयकमार्फत गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ असार ।

सरकारले औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक ल्याएको छ । प्रतिनिधि सभामा दर्ता भएको यो विधेयकले उद्योगको सम्पत्तिको संरक्षण गर्ने मुख्य उद्देश्य राखेको छ ।

प्रचलित ऐनमा कुनै उद्योगको स्थापित ब्रान्डको लोगो उस्तै देखिने गरी अर्को कम्पनीले नक्कल गरे त्यसउपर कारबाही हुने प्रावधान छैन । यसो हुँदा कुनै चलेको कम्पनीको जस्तै लोगो वा ब्रान्ड बनाएर अर्को कम्पनीले प्रचार गर्न पाइरहेको छ । यो शैलीलाई रोक्ने गरी सरकारले पेटेन्ट नक्कल गर्न नपाइने गरी विधेयक ल्याएको हो ।



> मानव सिर्जित अन्वेषण तथा आविष्कारको संरक्षण, राष्ट्र हितको प्रवर्द्धन, औद्योगिक सम्पति धनीको कानुनी तथा आर्थिक अधिकारको संरक्षण गर्न विधेयक ल्याइएको हो ।
>
> **दामोदर भण्डारी**
> मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति

प्रस्तावित विधेयकमा पेटेन्ट नक्कल गरेमा वा भ्रम सिर्जना हुने गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण, भण्डारण तथा आयात गरेमा वा पेटेन्ट धनीको अनुमति नलिइ आफ्नो वा अरूको नामबाट प्रयोग गरे कसुर मानिने उल्लेख छ ।

विधेयकअनुसार उपयोगी नमुना, औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन, व्यापार चिह्न, व्यापार संकेत र भौगोलिक संकेतको समेत नक्कल गर्न पाइँदैन । यसो गरे कसुर ठहरिन्छ र १० लाख रुपैयाँसम्म जरिवाना र पुनः कसुर गरेको भेटिए प्रत्येक पृष्ठ २ मा

# सेनामा सवा २ करोड भ्रष्टाचार

## २ अधिकृत बर्खास्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असार ।

भ्रष्टाचार मुद्दामा नेपाली सेनाका २ अधिकृत बर्खास्त भएका छन् । नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा भ्रष्टाचार गरेको ठहर गर्दै सैनिक विशेष अदालतले सहायक रथी रोशन खड्का र मेजर बोधराज कार्कीलाई सेवाबाट बर्खास्त गर्ने फैसला गरेको हो ।



सहायक रथी रोशन खड्का

सैनिक अदालतले २ करोड २१ लाख ८५ हजार ५१५ रुपैयाँ ४८ पैसा हिनामिना भएको ठहर गरेको छ । उनीहरूविरूद्ध सैनिक कल्याणकारी कोषको सवा २ करोड हिनामिना गरेको आरोपमा सैनिक प्रहरीको हिरासतमा राखेर मुद्दा चलाइएको थियो । ती सैनिक अधिकृतलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गर्ने फैसला भएको सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले जानकारी दिए ।

'सैनिक अनुशासन, आचारसंहिता र सम्पत्तिसम्बन्धी कसुरमा सैनिक ऐन, २०६३ को दफा १०१ बमोजिम भविष्यमा सरकारी सेवामा अयोग्य पृष्ठ २ मा

# २७ अर्बको राँगाको मासु चीन निर्यात गर्ने तयारी

- दैनिक ५ हजार टन मासु निर्यात गरिने
- चीनबाट झन्डै ९.५ अर्ब रुपैयाँ योजना स्वीकृत
- सिन्धुलीको मरिण गाउँपालिकामा प्रशोधन कारखाना बनाइने
- चीन संसारकै सबैभन्दा ठूलो राँगाभैंसीको मासु आयातकर्ता देश

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १९ असार ।

यदि सबै कुरा योजनाअनुसार भयो भने नेपालले आगामी वर्ष जुनमा चीनमा राँगाभैंसीको मासु निर्यात गर्ने भएको छ । मासु उद्योगका प्रतिनिधिहरूका अनुसार तय योजनाअनुसार काम भयो भने दैनिक ५ हजार टन राँगाभैंसीको मासु चीन निर्यात गर्ने तयारी छ । हाल देशभित्र उत्पादन भइरहेको राँगाभैंसीको मासु देशभित्रकै माग धान्न लगभग सीमित भइरहेको अवस्थामा चीनसँगको सहमतिबाट आर्थिक लाभ लिन व्यावसायिक भैंसी पालनमा निजी क्षेत्र अगाडि बढेको हो ।

नेपालको हिमालयन फुड इन्टर नेसनलका अध्यक्ष नवीन कुमार शर्माका अनुसार योजनाअनुसार काम भयो भने दैनिक ५ हजार टन राँगाभैंसीको मासु चीन निर्यात गरिने छ । 'हामीले एक हप्ता अघि चिनियाँ लगानीकर्ताबाट झन्डै ९.५ अर्ब रुपैयाँको स्वीकृति पाएका छौं ।' यस विषयमा थप छलफल गर्न चिनियाँ लगानीकर्ताहरू आइतबार नेपाल आउँदैछन् । 'त्यसपछि हामी अन्तिम स्वीकृतिका लागि नेपालको लगानी बोर्डमा निवेदन दिन्छौं', उनले भने । गत डिसेम्बरमा चीनले पृष्ठ २ मा


## यूएईमा रोजगारीको सुवर्ण अवसर

**Employer Company : CONNECT RESOURCES LLC** **City: UAE**

| Pre Approval Date: | 07/03/2025 | Refrence No.: | 60240597 | L.T. No.: | 326730 |
|---|---|---|---|---|---|

| S.N. | Worker's Position | Required No's |  | Minimum Qualification | Monthly Salary |  | OT Facility | Working Hours Per Day | Working Day Per Week | Annual Leave | Food Facility | Accomodation Facility | Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | Male | Female |  | AED | NPR |  |  |  |  |  |  |  |
| 1 | Sales Officer | 60 | 0 | Exp. in related work | 1300 | 48,425 | As per the company rule | 8 hrs | 6 Days | 30 Days Per year | Yes | Yes | 2 Years |
| 2 | Cleaners | 0 | 40 |  | 1300 | 48,425 |  |  |  |  |  |  |  |
| 3 | Manicurist | 0 | 25 |  | 2300 | 85,675 |  |  |  |  |  |  |  |
| 4 | Messeur | 0 | 25 |  | 3000 | 1,11750 |  |  |  |  |  |  |  |

**Final Interview will be held at Manpower Office Kathmandu on 11 July 2025.**

| Who will bear the medical Examination Cost at Destination Country | Insurance at work provided and premium borne by whom | Who will bear the workers Air Ticket and how much is the cost | Who will bear the Visa Cost | Who will bear the Visa Stamping Cost | How much is the Orientation Cost and who will bear it | Management of Workers Welfare Fund | How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|
| By the Employer | By the Employer | By the Employer | By the Employer | By the Employer | By the Employer | By the Employer | Employer |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NextGen Global Placement Pvt. Ltd.

Tokha- 07, Samakhusi, Kathmandu, Nepal.
Tel No: 014972172, Mob: 9851019844, 9851210354, 9849991143, 9851361620
Email :nextgenglobalplacement@gmail.com, Website: www.nextgenplacement.com

Gov Lic. No. 1771/081/082



## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही मिति **२०८२ असार २५** गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com


वैदेशिक रोजगार विशेष

# 'ठग, बिचौलिया र एजेन्टहरूलाई तह लगाउन मन्त्रालय कठोर'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारमा रहेका ठग, बिचौलिया र एजेन्टहरूलाई तह लगाउन मन्त्रालयले कठोर कदम चाल्ने बताएका छन् ।

बिहीबार ललितपुरमा पौरखी नेपालद्वारा आयोजित कार्यक्रममा बोल्दै श्रममन्त्री भण्डारीले अहिले वैदेशिक रोजगारको नाममा एक नेपालीले अर्को नेपालीलाई ठग्ने गरेको घटनाहरू व्यापकरूपमा बढेको र त्यो चिन्ताको विषय भन्दै ठग, बिचौलिया र एजेन्टहरूलाई तह लगाउन कठोर बन्ने बताए ।

एकद्वार प्रणालीमार्फत श्रम क्षेत्रको सबै सेवा प्रदान गर्न मन्त्रालयले कडा मिहिनेत गरिरहेको पनि मन्त्री भण्डारीले बताए । उनले भने, 'एकद्वार प्रणालीमार्फत श्रम क्षेत्रको सबै सेवा प्रदान भएपछि बिचौलिया ठाउँमा आउँछन् ।' त्यस अवसरमा उनले विदेशी भूमिमा पृष्ठ २ मा

### मलेसियामा रेस्टुरेन्ट वर्करहरूको प्रवेश खोल्न माग

**क्वालालम्पुर/मस-** मलेसियाली भारतीय रेस्टुरेन्ट मालिक संघ (प्राइमास)ले सरकारले खाद्य तथा पेय पदार्थ उद्योगका लागि कामदारहरूको प्रवेश पुनः खोल्न माग गरेको छ । प्राइमसका अध्यक्ष गोविन्द सामीले विदेशी कामदारको अभावले सेवाको गुणस्तर, स्वच्छता र रेस्टुरेन्टहरूको सञ्चालन क्षमतामा असर परिरहेको बताएका छन् । पृष्ठ २ मा

### कतारमा जुन २३ को ट्राफिक उल्लंघनको जरिवाना मिनाहा

**दोहा, कतार/मस-** कतारले इरानी आक्रमणको दिन जुन २३ मा भएका ट्राफिक उल्लंघनको जरिवाना मिनाहा गर्ने भएको छ । इरान र इजरायलबीच भएको द्वन्द्वका कारण उक्त दिन कतारमा मिसाइल आक्रमण भएको थियो । पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२० असार २०८२ शुक्रबार
4 July 2025, Friday

# सर्वहारा वर्गको नेतृत्वमा समाजवाद तत्काल सम्भव छैन : प्रचण्ड



**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले सर्वहारा वर्गको नेतृत्वमा समाजवाद तत्काल सम्भव नरहेको बताएका छन् ।

बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सर्वहारा वर्गको अधिनायकत्व वा सर्वहारा वर्गको नेतृत्वमा समाजवाद तत्काल सम्भव नरहेको बताए ।

उनले मध्यम वर्गलाई अगाडि ल्याउने, राष्ट्रिय पुँजीको विकास गर्ने र दलाल पुँजीपति, विचौलिया र नोकरशाहहरुले कायम गरेको हैकमलाई नियन्त्रण र नियमन गर्न जरुरी रहेको बताए । समाजवादको आधार निर्माणको मुख्य तगारो दलाल पुँजीवाद र नोकरशाही पुँजीवाद रहेको बताए । अहिले विचौलियाहरुले नेपाली अर्थतन्त्रलाई कब्जा गर्ने प्रक्रिया चलेको बताए ।

अध्यक्ष दाहालले भने, 'अहिले पनि सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको बाटो, राष्ट्रिय पुँजीको विकासको बाटो अहिले भर्खरै सर्वहारा वर्गको अधिनायकत्व वा सर्वहारा वर्गको नेतृत्वमा समाजवाद तत्काल सम्भव छैन । गर्नुपर्ने भनेको हामीले मध्यम वर्गलाई अगाडि ल्याउने, राष्ट्रिय पुँजीको विकास गर्ने र दलाल पुँजीपति, विचौलिया र नोकरशाहहरुले जो हैकम कायम गरेका छन्, त्यसलाई नियन्त्रण र नियमन गर्ने हो । भ्रष्टाचारकाविरुद्ध, दलाल पुँजीवादका विरुद्ध नेपाली जनताको, नेपाली समाजको अहिले समाजवादी निर्माणको आधार निर्माणको मुख्य तगारो दलाल पुँजीवाद र नोकरशाही पुँजीवाद नै हो । अहिले विचौलियाहरुले नेपाली अर्थतन्त्रलाई जसरी कब्जा गर्ने प्रक्रिया चलेको छ । समाजवादका ठूला ठूला कुरा गर्ने त एउटा भयो, व्याख्या गर्नेकुरा एउटा भयो । व्याख्या धेरै भयो, मुख्य भनेको बदल्ने कुरा हो ।'

अध्यक्ष दाहालले भ्रष्टाचार गर्ने र भ्रष्टाचारीलाई संरक्षण गर्ने, विकृत नोकशाही, दलाल पुँजीवादको पक्षपोषण गर्नेलाई वामपन्थी नै भनिएको र त्यसविरुद्ध लड्नेलाई पनि वामपन्थी नै भन्ने गरिएकोप्रति आपत्ति जनाए ।

**एजेण्डा...**

बैठकमा विषय केन्द्रित देखिएन । बहादुरी र क्रान्तिकारितले हामीलाई कही पनि पुऱ्याउँदैन । मुलुकको अवस्था के छ ? जनताको अवस्था के छ ? र लोकतान्त्रिक पार्टीको बैठकमा के भइरहेको छ भन्ने आम जनताले हेरिरहेका छन् । हाम्रो बैठक मुलुक, जनता र पार्टीको सांगठनिक अवस्थामा केन्द्रित हुनुपर्नेमा त्यस्तो देखिएन । बैठकमा जुन प्रवृत्ति देखा परेका छन, यसले समग्र कांग्रेसलाई नै हानी गर्दछ ।' विधि र विधान विपरीतका गतिविधिलाई रोक्नुपर्ने आवाज उठाउने नेतालाई केन्द्रीय समितिकै साथीहरूले खुइल्याउनु जायज नभएको उनको तर्क छ । 'लोकतन्त्रमा फरक मत राख्न पाइन्छ, आलोचना गर्न र गल्ती खोट्याउनु पर्छ नै । तर, यहाँ त व्यक्तिगत लाञ्छाना नै लगाउने गरी नेताहरू बैठकमा प्रस्तुत भएको देखिन्छ ।' १० महिनापछि बसेको बैठकमा निकै तातेका नेताहरू एजेण्डामा केन्द्रित हुनुपर्ने नेताहरूले सुझाव दिएका छन् । बैठकको पहिलो दिनमै नेता डा.शेखर कोइरालाले पार्टीका नेताहरूले गरेका अवैधानिक विषयमा चर्चा गरेका थिए । केन्द्रीय सदस्य मनोनयनमा विधान मिचिएकोप्रति सभापति देउवाको ध्यानाकर्षण गराएका थिए ।

देउवाको कार्यशैलीप्रति प्रश्न उठाएका उनले भनेका थिए, 'विनोद चौधरीको केन्द्रीय सदस्य बन्ने योग्यता थियो कि थिएन ? त्यो हेरियो ? क्रियाशीलको १० वर्षे अवधि पुग्थ्यो ?' उनले पार्टीभित्र अनुशासन नभएको समेत कोइरालाले बताए । शेखर कोइरालाको अभिव्यक्तिप्रति केन्द्रीय सदस्यहरू देवेन्द्रराज कँडेल र विनोद चौधरीले प्रतिवाद गर्दै आरोप-प्रत्यारोपको शृङ्खला सुरु गरेका थिए ।

कोइरालाले गठबन्धन, एमालेसँगको सहकार्य, भ्रातृ संगठन, सर्वोच्चबाट दोषी ठहर भएकाहरूलाई पनि बचाएको भन्दै नेतृत्वमाथि प्रश्न उठाएपछि त्यसको प्रतिवादमा उत्रिएका सांसद चौधरीले पार्टीको विधानबमोजिम निरुपण भएको विषयलाई भविष्यमा पार्टी नेतृत्व गर्छु भन्ने व्यक्तिले विवादित बनाउनु दुःखद रहेको बताए ।

मंगलबारको बैठकमा डा कोइरालालाई प्रश्न गर्दै चौधरीले भनेका थिए, 'गुटको राजनीतिका नाममा निजी क्षेत्रका आफूजस्ता मान्छेलाई छेक्ने र कांग्रेस उम्मेदवारलाई हराउन खुलेआम घर घरमा गएर विपक्षीलाई भोट माग्ने लुम्बिनी कांग्रेसका महामन्त्री विक्रम खनाललाई बोकेर हिंड्ने नेताले यो पार्टीलाई हाँक्ने हो भोलिको दिन ?' २०६४ सालमा नेकपा एमालेबाट समानुपातिक सभासद रहेका उनी २०७४ मा नेपाली कांग्रेस प्रवेश गरी समानुपातिक उम्मेदवार बनेका थिए । कांग्रेसको विधानअनुसार केन्द्रीय सदस्य हुनका लागि १० वर्ष क्रियाशील सदस्य हुनुपर्ने योग्यता छ ।

**ब्रान्डको...**

पटकका लागि दोब्बर जरिवाना हुने प्रावधान विधेयकमा छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीका अनुसार मानव सिर्जित अन्वेषण तथा आविष्कारको संरक्षण, राष्ट्र हितको प्रवर्द्धन, औद्योगिक सम्पत्ति धनीको कानुनी तथा आर्थिक अधिकारको संरक्षण गर्न विधेयक ल्याइएको हो । २३ जेठ २०८२ मा संसदमा दर्ता भएको औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक ट्रिप्स सम्झौतासँग समेत सम्बन्धित छ ।

विश्व व्यापार संगठनले सन् १९९४ को व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौता (ट्रिप्स सम्झौता) गर्दै सदस्य राष्ट्रलाई अनिवार्य औद्योगिक बौद्धिक सम्पत्तिको कानुन तयार गर्नुपर्ने प्रावधान राखेको थियो । यो सम्झौता कार्यान्वयन गर्न पनि सरकारले नयाँ कानुन निर्माणको प्रक्रिया अघि बढाएको हो ।

मन्त्री भण्डारीका अनुसार प्रस्तावित विधेयकले औद्योगिक सम्पत्तिअन्तर्गत पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन, व्यावसायिक गोपनीयता (ट्रेड सेक्रेट), परम्परागत ज्ञान, व्यापार चिह्न, ख्यातिप्राप्त चिह्न (वेलनोन मार्क) र भौगोलिक संकेतलाई समावेश गरेको छ । नयाँ कानुनमा सामूहिक चिह्न (कलेक्टिभ मार्क)को व्यवस्था गरिएको छ ।

पेरिस महासन्धिको पक्ष राष्ट्रको रूपमा औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षणका लागि पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, व्यापार चिह्नलगायतलाई कानुन बनाएर अंगीकार गर्ने प्रतिबद्धता सरकारले विधेयकमार्फत गरेको छ ।

प्रस्तावित विधेयकमा औद्योगिक सम्पत्ति प्रवर्द्धन परिषद्को व्यवस्था छ । यो परिषद्ले औद्योगिक सम्पत्तिको संरक्षण र प्रवर्द्धनका लागि समन्वयन गर्नेछ । कानुन कार्यान्वयन गरी औद्योगिक बौद्धिक सम्पत्तिका क्षेत्रमा उल्लेख्य काम गर्न 'औद्योगिक सम्पत्ति कार्यालय' स्थापना गरिने विधेयकमा उल्लेख छ । अहिले भने उद्योग विभागले नै यससम्बन्धी कार्य गर्दै आएकाले प्रभावकारी कार्यसम्पादन हुन नसकेको भनेर सरकारले औद्योगिक सम्पत्ति कार्यालय स्थापना गर्ने कानुनी व्यवस्था गर्न लागेको हो ।

औद्योगिक डिजाइन र इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको प्रत्येक पाँच वर्षमा, व्यापार चिह्नको प्रत्येक १०-१० वर्षमा नवीकरण गराउनुपर्ने व्यवस्था प्रस्तावित छ । तर, एकपटक दर्ता भएको औद्योगिक सम्पत्तिको सरकारी संरक्षण अवधि भने फरक-फरक छ ।

पेटेन्टको २० वर्ष, उपयोगी नमुनाको ७ वर्ष र डिजाइन, व्यापार चिह्न तथा इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको हकमा १०-१० वर्ष संरक्षण अवधि प्रस्तावित छ । विधेयकअनुसार यो अवधि सकिएपछि पुनः नयाँ प्रक्रियाबाट दर्ता गर्नुपर्ने हुन्छ ।

भौगोलिक संकेतको बहाल अवधि भने सो संकेत प्रयोग भएको वस्तु प्रचलनमा रहेसम्म र व्यावसायिक गोपनीयताको अवधि, करारको अवधि बहाल रहेसम्मका लागि तोकिएको छ । दर्ता नभएका वस्तुको औद्योगिक सम्पत्ति संरक्षणको दायित्व सरकारले लिने प्रस्तावित प्रावधान छ ।

**सेनामा...**

नठहरिने गरी सेवाबाट बर्खास्त गने ' फैसला सैनिक अदालतबाट भएको छ,' प्रवक्ता बस्नेतले भने, 'अपचलन भएको रकमसमेत दुवै जनाबाट असुलउपर गर्ने पनि फैसला भएको छ ।' १३ कात्तिक २०७४ देखि २६ भदौ २०७५ सम्म १४४ थान चेकबाट एक करोड ४७ लाख २१ हजार ३२९ रुपैयाँ ८८ पैसा र ९ फागुन २०७३ देखि १७ असोज २०७५सम्म ४० थान चेकबाट ४७ लाख ६४ हजार १८५ रुपैयाँ ६० पैसा हिनामिना गरेको अभियोग थियो । सहायक रथी खड्का त्यतिबेला प्रमुख सेनानी र बोधराज कार्की सेनानी हुँदा सँगै कार्यरत थिए ।

सैनिक अदालतले सेनाको जमदारबाट अवकाश भइसकेका आत्मराम थापा र सेनानीबाट अवकाश भएका लक्ष्मण अधिकारीलाई पनि दोषी ठहर गरेको छ । थापा पुर्पक्षका लागि थुनामा छन् । अधिकारी अमेरिकामा छन् । सैनिक कल्याणकारी निर्देशनालयअन्तर्गत आवास तथा बिमा शाखाबाट आवास तथा बिमा बापतको रकम वास्तविक रूपमा भुक्तानी गर्नुपर्ने व्यक्तिलाई नभई काल्पनिक नाम खडा गरेर रकम निकासा गर्ने र हिनामिना गर्ने कार्यमा उनीहरूको संलग्नता पुष्टि भएको नेपाली सेनाले जनाएको छ ।

**२७ अर्बको...**

नेपालसँगको व्यापारलाई परम्परागत हस्तकलाभन्दा बाहिर विस्तार गर्दै राँगाभैंसीको मासुको बजार खुला गरेको थियो । यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा चीनले नेपालबाटराँगामासु आयात गर्न स्वीकृति दिएको थियो । प्रधानमन्त्री ओलीको बेइजिङ भ्रमणका क्रममा हस्ताक्षर भएको राँगाभैंसीको प्रशोधित मासु चीन निर्यात गर्ने सम्बन्धी प्रोटोकलको कार्यान्वयनले राँगाभैंसीको मासुको विश्वकै सर्वाधिक ठूलो बजार चीनमा नेपालका लागि ढोका खुलेको हो ।

प्रधानमन्त्री ओलीका पूर्ववर्ती माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रधानमन्त्रीको रूपमा चीनको भ्रमण गर्दा सन् २०२३ मा नेपाल र चीनले दुई देशबीचको व्यापार असन्तुलनलाई कम गर्ने हिसाबमा नेपालमा उत्पादित प्रशोधित राँगाभैंसीको मासुलाई चीनमा निर्यात गर्न अनुमति दिने प्रक्रियालाई गति दिने सहमति गरेका थिए ।

२०२३ डिसेम्बर १६ मा नेपाली निजी कम्पनी हिमालयन फूड इन्टरनेसनल र चिनियाँ कम्पनी शांघाई जियान फूडबीच काठमाडौंमा बीटुबी सम्झौता भएको थियो । चीनले यसलाई आफ्नो 'सफ्ट ट्रेड डिप्लोमेसी'अन्तर्गत अगाडि बढाएको हो । यस परियोजनाअन्तर्गत नेपालबाट वार्षिक २७ अर्ब रुपैयाँको मासु आयात गर्नेछ । नेपालले यसलाई 'गेम चेन्जर'को रूपमा लिएको छ ।

चिनियाँ लगानीबाट २७ अर्ब रुपैयाँको मासु प्रशोधन र पशुपालनसम्बन्धी दुई मुख्य पाटोमा खर्च गरिनेछ । 'हामीले निर्माण सुरु गरिसक्नुपर्ने हो, तर नेपाल सरकारले पशु रोगमुक्त क्षेत्र घोषणा गर्न ढिलो गरेको छ । चीनले सो घोषणा नभएसम्म रकम स्वीकृति दिएन ।'

सरकारले आवश्यक कागजात डिसेम्बरमा पठाउने योजना गरे पनि जुनमा मात्रै पठाइएको थियो । 'कागजात पठाएपछि एक हप्तामै चीनले विदेशी लगानी स्वीकृत गरेको छ' शर्माले बताए ।

सिन्धुलीको मरिण गाउँपालिकामा मासु प्रशोधन कारखाना बनाइनेछ । उदयपुरको बेलका नगरपालिका र चितवनको माडीमा राँगाभैंसी पालन गरिनेछ । यी क्षेत्रहरू अझै रोगमुक्त घोषित भएका छैनन् । त्यसैले पशुहरूलाई सिन्धुली ल्याएर ३ हप्ता क्वारेन्टाइनमा राखेर प्रशोधन गरिनेछ ।

परियोजनाका लागि सुरक्षित गरिएको ५० बिघा जमिनमध्ये अहिलेसम्म १० बिघा स्वीकृति प्राप्त भएको छ । बाँकी जग्गा स्वीकृत गर्न जमिन स्वामित्व सीमासम्बन्धी समस्या समाधान गर्न अनुरोध गरिएको छ । शर्माले निर्माण कार्य सेप्टेम्बरमा सुरु गर्ने र आगामी अप्रिलसम्म सम्पन्न गर्ने लक्ष्य राखेको बताए । भैंसीको बाच्छा पालन अक्टोबरदेखि सुरु हुनेछ । पहिलो ४ महिनाभित्र २ लाख बाच्छा स्थानीय किसानहरूबाट खरिद गरेर पालिने योजना छ । कोभिड महामारीअघि यस कम्पनीले भियतनामलाई भैंसीको मासु निर्यात गर्दै आएको थियो, जहाँबाट त्यो मासु चीनमा पुनःनिर्यात गरिन्थ्यो ।

चीनमा राँगाभैंसीको मासु निर्यात गर्ने तयारी भएपनि नेपालमा राँगाभैंसीको संख्या आन्तरिक मागसमेत धान्न पर्याप्त नरहेकोमा व्यवसायीहरू सतर्क छन् । देशमा उपभोग हुने करिब ७० प्रतिशत राँगाभैंसीहरू भारतबाट अवैध रूपमा आयात गरिन्छन् । यसले आपूर्ति र मागबीच असन्तुलन निम्त्याएको छ ।

नेपालले बोका र कुखुरामा आत्मनिर्भरता हासिल गरिसकेको भए पनि भैंसीको मासुमा अभाव देखिन्छ । राँगाभैंसी पालन मुख्य रूपमा तराई क्षेत्रमा केन्द्रित छ । मासु उत्पादन योग्य बन्न राँगाभैंसीलाई करिब दुई वर्ष लाग्छ ।नेपालको कुल मासु उत्पादन २०७६/७७ मा ५ लाख ५२ हजार १५६ टन पुगेको थियो, जसमा कोभिड महामारीका बेला प्रोटिन सेवन बढेपछि वृद्धि भएको हो ।

तर, त्यसपछिका वर्षहरूमा उत्पादन घट्दै गएको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७७/७८ मा ५ लाख २० हजार ७४२ टन, २०७८/७९ मा ५ लाख १२ हजार ७८८ टन र २०७९/८० मा सबैभन्दा धेरै गिरावटसहित ४ लाख ३० हजार ८५ टन थियो ।

नेपालमा राँगामैंसीको मासुको कुल मासु उत्पादनको २७ प्रतिशत हो । राँगाभैंसीको मासुमा प्रति १०० ग्राममा २०.२३ ग्राम प्रोटिन हुन्छ, जुन अन्य मासुभन्दा धेरै हो ।

**चीनको बजार**

अमेरिकी सरकारको कृषिसम्बन्धी एउटा निकायको प्रतिवेदनका अनुसार चीन संसारकै सबैभन्दा ठूलो राँगाभैंसीको मासु आयातकर्ता हो । सन् २०१४ मा चीनले विभिन्न देशहरूबाट ३० लाख मेट्रिक टन त्यस्तो मासु र मासुजन्य उत्पादन आयात गरेकोमा सन् २०२३ मा त्यो ९ गुणाले बढेर २ करोड ७८ लाख मेट्रिक टन पुगेको थियो । उक्त अन्तर्राष्ट्रिय व्यापारको आकार लगभग १४.४ अर्ब डलर पुगेको छ ।

प्रतिवेदनमा चीनमा यो दशकको अन्त्यसम्ममा राँगाभैंसीको मासुको आयात ३ करोड ५० लाख मेट्रिक टनसम्म पुग्नसक्ने आकलन गरिएको छ ।

यस्तोमा साँध जोडिएको नेपाललाई चिनियाँ बजारमा राँगाभैंसीको मासुको व्यापारमा अवसर रहेको भएपनि त्यसमा कैयौं चुनौतीहरू रहेको निजी क्षेत्रका प्रतिनिधिहरूले बताउने गर्छन् ।

भन्सार विभागको अघिल्लो वर्षको तथ्यांकले नेपालले १०५ मेट्रिक टन भन्दा धेरै राँगाभैंसीको मासु र मासुजन्य पदार्थ संयुक्त राज्य अमेरिका, हङकङ र भियतनाममा निर्यात गरेको थियो । त्यसबापत नेपालले ३ करोड २२ लाख भन्दा बढी आर्जन गरेको विभागको तथ्याङ्कले देखाउँछ ।

मासु तथा मासुजन्य पदार्थमा मिसावट रोक्न र त्यसमा गुणस्तर कायम गर्न नेपाल सरकारले २०५५ मा पशु वधशाला तथा मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ल्याएको छ ।

**ठग...**

रहेका नेपाली श्रमिकहरूको स्वामित्व नेपाल सरकारले लिनुपर्ने बताए । कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले भने, 'जुनसुकै माध्यमबाट विदेशी भूमिमा काम गरिरहेका नेपालीहरूको राज्यले स्वामित्व लिनुपर्छ, सरकार जिम्मेवारीबाट पन्छिन पाउँदैन ।' कतिपय ठगिएर, कतिपय अनौपचारिक माध्यमबाट गएर लुकेर लामो समयदेखि कागजातविहीन भएर बसेकाहरू र कतिपय नेपाली कामदारहरू विभिन्न माध्यमबाट कामका लागि विदेशी भूमिमा पुगेको भन्दै मन्त्री भण्डारीले भने, 'कि त सरकारले उनीहरूलाई नेपाली नै होइनन् भन्नुपऱ्यो, होइन भने स्वामित्व लिनुपर्छ ।'

मन्त्री भण्डारीले गाउँ रित्तो भयो, खाली भयो, गाँउमा बस्ने अवस्था भएन, पलायनको क्रम नरोकिएको जस्ता विषयमा गम्भीरतापूर्वक समीक्षा हुनुपर्ने समय आएको उल्लेख गर्दै गाउँबाट मान्छे मात्रै पलायन नभएर पुँजी पनि पलायन हुँदा रोजगारीको अभाव सिर्जना भएको बताए ।

उनले नेपालको श्रम तथा रोजगार क्षेत्रमा देखिएका समाधानका लागि सबै पक्ष इमान्दार भएर लाग्नुको विकल्प नहरेको जिकिर गर्दै यसलाई व्यवस्थापन गर्न ढिलासुस्ती गर्न नहुने बताए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जानेहरूलाई श्रम स्वीकृति नभइ र श्रम अनुमति दिनुपर्ने बताए । उनले भने, 'श्रम स्वीकृति त गन्तव्य देशले जारी गर्ने हो, हामीले त काम गर्न जाने श्रमिकलाई श्रम अनुमति उपलब्ध गराउनुपर्छ ।'

मन्त्री भण्डारीले काम गर्न जाने कामदारसँगै कामका लागि लैजाने मुलुक तयार भएको अवस्थामा नेपाल सरकारले रोकेर नरोकिने भन्दै अवसर रहेको मुलुकमा रोजगारीमा पठाउनुपर्ने बताए ।

**मलेसियामा...**

गोविन्द सामीले बिहीबार एक विज्ञप्ति जारी गर्दै धेरै रेस्टुरेन्टहरू कामदारको अभावमा पूर्णरूपमा चलाउन नपाएको र चलाइएका रेष्टुरेन्टहरूले पनि मुख्य परिकारहरू कटौती गर्न बाध्य भएको बताएका छन् ।

मलेसियाले आगामी वर्ष 'भिजिट मलेसिया २०२६' घोषणा गरेको छ । उक्त समय नजिकै आउन लागेकाले पर्यटकहरूलाई मुख्य सेवा प्रदान गर्न तयार हुनुपर्ने र सरसफाइमा पनि उत्तिकै ध्यान दिनुपर्ने भन्दै यथाशक्य छिटो विदेशी कामदार खुला नभएको अवस्थामा अन्तिम क्षणमा सेवा दिन नसकिने उनको भनाइ छ । प्राइमसले देशका लागि प्रमुख राजस्व कमाउने क्षेत्रको रूपमा रहेको रेष्टुरेन्ट क्षेत्रको भूमिकालाई मान्यता दिन पनि आग्रह गरेको छ ।

**कतारमा...**

इरानले कतारमा रहेको अमेरिकी सैन्य अड्डामा मिसाइल प्रहार गरेको थियो ।

आक्रमणबाट सिर्जित तनावका कारण असाधारण अवस्थामा भएको उल्लंघनलाई पूरा छुट दिने कतारको आन्तरिक मन्त्रालयले बताएको छ । मन्त्रालयले ट्राफिक नियम-कानुन निरन्तर पालना गर्न र सडक प्रयोगकर्ताको अधिकारको सधैं सम्मान गर्न जोड दिएको कतारी सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

# रौतहट शितलपुरमा खेत–खेतमा बिजुली, सिँचाइमा सहजता

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १९ असार



फतुवा विजयपुर नगर पालिका-२ शितलपुरका किसानहरूलाई सिँचाइमा सहज बनाउने उद्देश्यले खेत-खेतमा विद्युत् सेवा पुऱ्याइएको छ ।

वडाध्यक्ष अनिरुद्ध प्रसाद यादव 'सञ्जय' को पहलमा वडास्तरीय बजेटबाट विद्युतीय मोटरमार्फत खेतमा सिँचाइ गर्नका लागि विद्युत् विस्तार गरिएको हो ।

वडाध्यक्ष यादवका अनुसार गत आर्थिक वर्षमा १०० किसानको खेतमा बिजुली पुगिसकेको छ भने चालु वर्षमा थप १ सय ५० किसानलाई सुविधा दिन काम अघि बढाइएको छ ।

विद्युत् जडान मात्र होइन, सिँचाइ गर्दा खपत हुने बिजुलीको बिल पनि पालिकाले तिर्दै आएको वडाध्यक्ष यादवले जानकारी दिए । यस परियोजनाअन्तर्गत वडाले १०० वटा बिजुलीका पोल र तार खरिद गरिसकेको छ भने हाल पोल गाड्ने काम धमाधम भइरहेको छ । शितलपुरका किसानले धान, मकै, गहुँ, तोरी र विभिन्न तरकारी खेती गर्दै आएका छन् । विद्युत् सिँचाइको सुविधा विस्तारसँगै कृषि उत्पादनमा सुधार र किसानको आयआर्जनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

# प्राधिकरणको महानिर्देशकको उमेरहद ६५ वर्ष कायम गर्न सुझाव



**काठमाडौं/मस–** प्रतिनिधि सभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले नागरिक उड्डयन क्षेत्रको नियामक र सेवाप्रदायक संस्था बनाउने सम्बन्धमा प्रशताव गरिएका विधेयकका सम्बन्धमा विज्ञहरुसँग छलफल गरेको छ ।

समितिको बिहीबारको बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ माथि विषय विज्ञहरूसँग छलफल गरेको हो । बैठकमा सहभागि विज्ञहरुले नागरिक उड्डयन प्राधिकरणको संरचनात्मक सुधारा साथै अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) को मापदण्ड पालना हुनेगरी ऐन निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । नियमक र सेवाप्रदायक एकै संस्था हुँदा त्यसको असर हवाई सेफ्टीमा परेको भन्दै आइकाओ लगायतका संस्थाले कैफियत देखाउँदै आएको भन्दै उनीहरुले नेपालको हवाई सेवाको सम्बन्धमा उठ्ने गरेका प्रश्नहरुको समाधान दिनेगरी ऐन निर्माण गर्नुपर्ने बताए ।

बैठकमा बोल्दै वरिष्ठ एरोनटिकल इन्जिनियर डा. दीपकप्रसाद बास्तोलाले निजी एयरलाइन्सको दक्ष व्यक्तिलाई प्राधिकरणको उच्च पदस्थ जिम्मेवारीमा ल्याउन आवश्यक रहेको बताए । उनले प्राधिकरणको अव्यवस्थित संरचनाकै कारण हवाई क्षेत्रमा समस्या सिर्जना हुने गरेको बताए । उनले नागरिक उड्डयन प्राधिकरण वा हवाई सेवा प्राधिकरणको नेतृत्वमा दक्ष व्यक्तिलाई ल्याउँदा प्रशासनिक र प्राविधिक कार्यक्षमता सुधार आउने बताए । बास्तोलाले कार्यकारी प्रमुखको चयन प्रक्रिया राजनीतिक हस्तक्षेपबाट मुक्त हुनुपर्नेमा समेत जोड दिए ।

उनले प्राधिकरणको महानिर्देशकको उमेरहद ६५ वर्ष कायम गर्न समेत सुझाव दिए ।

प्राधिकरणको अध्यक्षमा मन्त्रीको सट्टा प्रधानमन्त्री हुने व्यवस्था गर्न पनि उनले सुझाव दिए । प्रधानमन्त्री अध्यक्ष हुने व्यवस्थाले मन्त्रीलाई पनि उत्तरदायी बनाउने उनको विश्वास छ ।

उनले भने,'सिईओ महानिर्देशकमा प्राइभेट एअरलाइन्सको मान्छेलाई किन नल्याउने ? नेपालको निजीस्तरबाट उड्डयन क्षेत्रमा दखल राख्ने मान्छेहरुलाई किन नल्याउने ? अनि सरकारी हवाई सेवामा योग्यता भएका मान्छेलाई त्यो किन नगरिदिने हामीले ? र यसको चेन अफ कमाण्डलाई मन्त्रीज्युअन्तर्गत राखौं ।


FREE VISA ! FREE TICKET ! FREE RECRUITMENT !
(ZERO COST) सहित SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनीः HILL ROBINSON ESTATES SAUDI LIMITED — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०३/१९ — चलानी नं.: ६०२४०५९६ — LT. No.: 326720

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | स. काममा दक्ष | 7735 | २८२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २७ गते (11 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ब्लू ओसियन ओभरसिज प्रा. लि. — श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३, E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



UAE मा रोजगार
कम्पनीः HIMALAYAN FLAVORS FAST FOOD RESTAURANT - L.L.C S.P.C — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०३/१९ — चलानी नं.: ६०२४०६०४ — L.T. No.: 326641

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 2 | 0 | | 1000 | ३७,२५० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २७ गते (11 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


प्यासिफिक ओभरसिज कन्सल्ट प्रा. लि. — श्रम इजाजत नं. २९६/०५८/०५९
महाराजगंज-४, चक्रपथ, काठमाडौं, फोनः ४७२०२५४, ९८४९६६१२११
Email: info@pacificoverseas.org, pacificoverseas777@gmail.com, Web : www.pacificoverseas.org

युएईमा रोजगार
कम्पनीः Platinum Wings Security Services LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/१९ — चलानी नं.: ६०२४०५९२ — LT. No.: 326660

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 70 | 0 | स. काममा दक्ष | 1200 | ६७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः CICON STEEL BAR FABRICATION LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/०६ — चलानी नं.: ६०२३४७९८ — LT. No.: 320621 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 15 | 0 | स. काममा दक्ष | 800 | २९,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३२ गते (16 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता इटहरीमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


B.S. HUMAN RESOURCE PVT.LTD. — श्रम इजाजत नं. १७०२/०८१/८२
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5922084 | 5922085, Web.: www.bshumanresources.com.np, Email: bshumanresources@gmail.com | info@bshumanresources.com.np, Phone No: 9828122668, 9823062933, 9818702823, 9822490238, 9864377733

साउदी र कुवेतमा रोजगार
कम्पनी : Al-Yasef Operation and Maintenance Company is a one-person company. — शहरः Dammam
पूर्व स्वीकृत मितिः २०८२/०३/१९ — चलानी नं.: ६०२४०६०३ — LT. No.: 326703

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Naser Mohammed Al Baddah and Partner General Trading and Contracting Co — शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०३/१९ — चलानी नं.: ६०२४०६०२ — LT. No.: 326705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | सम्बन्धित काममा दक्ष | 95 | ४२,५८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 50 | 0 | | 110 | ४९,३१४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २७ गते (11 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Luna HR Solutions Pvt. Ltd. — Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

# डेंगीको जोखिम बढ्दै ६० हजार संक्रमित पुग्ने अनुमान

**काठमाडौं/मस**-अबका ४ महिना डेंगी संक्रमणको सर्वाधिक जोखिमयुक्त समय रहने भएका छ ।

इपिडियमोलोजी तथा रोग नियन्त्रण महाशाखाले अबका ४ महिना डेंगी संक्रमण बढ्न सक्ने भएकाले सतर्क रहन आग्रह गरेको छ ।

यसवर्ष करिब ६० हजार जना डेंगी रोगबाट सङ्क्रमित हुनसक्ने अनुमान महाशाखाको छ । महाशाखाद्वारा आयोजित अन्तक्रियामा विज्ञहरूले डेंगीबाट हुने मानवीय क्षति रोक्न लामुखुट्टेको प्रजनन प्रणाली नष्ट गर्ने सर्वाधिक सरल र प्रभावकारी उपाय भएको बताए ।



कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्ण दाहालले डेंगी सार्ने प्रजातिको लामखुट्टे नष्ट गर्नका लागि ४ महिनाभन्दा बढी समय लामखुट्टेको लार्भा र फूल समेतलाई नष्ट गर्ने अभियान चलाउनुपर्ने जानकारी दिए । 'झुल, धुप वा लामखुट्टे भगाउने अन्य औषधिले घरभित्र काम गरे पनि घर बाहिर निस्किएका बेला भाइरसयुक्त लामुखेट्टले टोकेर सारिदिन सक्छ । त्यसैले स्थानीय पालिकाहरूको समयन्वयमा त्यस्ता लामखुट्टेको फुलसहित सबै चक्र नष्ट गरिदिनुपर्छ,' उनले भने ।

यद्यपि नगरपालिकाको स्वास्थ्यसम्बन्धी कर्मचारीको धेरै काम हुने हुँदा लगातार ४ महिनासम्म नष्ट गर्ने काममा लागिरहन उनीहरूलाई अप्ठ्यारो भएको पनि उनले बताए ।

महाशाखाले १७ जिल्लाका १४७ पालिकासँग डेंगी रोगबारे सहकार्य गरिएको जानकारी पनि कार्यक्रममा दिइयो । 'डेंगीलाई स्वास्थ्य क्षेत्रको प्रयास मात्रैले नियन्त्रण गर्न सकिँदैन । त्यसका लागि सबै निकायले हातेमालो गर्नुपर्छ,' महाशाखा निर्देशक डा. चन्द्रभाल झाले भने । कतिपय देशमा लामखुट्टे नियन्त्रण वातावरण मन्त्रालयले जिम्मा लिएर गरेको पनि देखिएको उनको भनाइ थियो ।

सहरमा वर्षायामसँगै जताततै खाडल, ससाना भाँडा र जथाभाबी फालिएका टायरमा पानी जम्ने भएकोले डेंगीको जोखिम अनुमान गरेभन्दा बढ्ने पनि निर्देशक झाले बताए । 'त्यसबाहेक घरघरमा फ्रिज र एसीको पानीले पनि लामखुट्टेलाई फुल पार्न र बच्चा हुर्कन सजिलो भएको छ,' उनले भने ।

यसवर्ष सरकारले लामखुटे खोजी र नष्ट गर्ने कार्यका लागि आगामी आर्थिक वर्षका लागि १० करोड छुट्याएको जानकारी कार्यक्रममा दिइयो । एडिस जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने यो रोग सामान्यतया शीतोष्ण र समशीतोष्ण क्षेत्रमा फैलिने गरेको छ ।

गएको दशकयता मुलुकका पहाडी भूभागमा समेत डेंगी विस्तार भएको छ । डेंगीका बिरामीलाई सो लामखुट्टेले टोकेमा उक्त लामखुट्टे सङ्क्रमित भई स्वस्थ व्यक्तिमा सार्न सक्छ । यो लामखुट्टेको आयु १ देखि ३ महिनासम्म हुन्छ ।

डेंगी रोग लाग्दा उच्च ज्वरो, कडा खालको टाउको दुखाइ हुने, आँखाको गेडी पछाडि दुख्ने र मांसपेसीको समेत दुखाइ अत्यन्त पीडादायी हुन्छ । साथै केहीलाई वाकवाक लाग्ने र वान्ता हुने समस्या देखिन्छ ।

# रास्वपाले संसदीय छानबिन समिति गठनको माग गर्ने

**काठमाडौं/मस**- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'बारे भएको हेरफेरप्रति आपत्ति जनाएको छ ।




रास्वपाको बिहीबार बसेको पार्टी सचिवालयको बैठकले प्रतिनिधिसभाबाट पारित निजामती सेवा विधेयकमा समावेश कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा भएको हेरफेरमा संलग्नको छानबिन गर्न संसदीय छानबिन समिति गठनको माग गर्ने निर्णय गरेको हो ।

बैठकका निर्णयबारे जानकारी दिँदै प्रवक्ता मनिष झाले विधायिकी प्रक्रियामाथि चलखेल वा बदमासीपूर्ण गतिविधि असह्य र संसद्को गरिमा जोगाउने पक्षमा पार्टी स्पष्ट रहेको बताए । पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकमा आगामी कात्तिक १७ गते हुने रुपन्देही क्षेत्र नं ३ को उपनिर्वाचनमा उम्मेद्वार छनोटका विषयमा छलफल भएको थियो ।

आगामी आइतबारको सचिवालय बैठकमा उम्मेद्वार छनोट कार्यविधि अनुमोदनका लागि प्रस्तुत गर्ने निर्णय गरेको छ । त्यसैगरी भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन आयोग बनाउनुपर्ने र छानबिनका लागि सहजीकरणका लागि गृहमन्त्रीले राजीनामा दिनुपर्ने मागलाई यथावत् राख्दै संसद्मा चलिरहेको प्रतिरोधलाई निरन्तरता दिने निर्णय गरेको छ ।

बैठकले पार्टीका केन्द्रीय विभाग सक्रिय बनाउने निर्णय गरेको छ । विभाग प्रमुखहरूले रिक्त पदपूर्ति र असार मसान्तसम्मको कार्यसम्पादन प्रतिवेदन आगामी साउन ७ भित्र पेस गर्न निर्देशन दिएको प्रवक्ता झाले जानकारी दिए ।

बैठकले केन्द्रीय संगठन विभागमा तीन सदस्य मनोनीत गर्ने निर्णय गरेको छ । केन्द्रीय संगठन विभाग सदस्यहरुमा प्रमिला भुसाल, मानकुमार लामा र सुशील अधिकारीलाई मनोनीत गरेको हो ।

# औषधि आपूर्तिमा गुनासो बढेपछि संसदीय समितिद्वारा अनुगमन सुरु

**काठमाडौं/मस**-प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सदस्यहरूले नेपाल औषधि लिमिटेडको स्थलगत अनुगमन गरेका छन् । समितिले अनुगमन गर्दै संस्थाले उठाएका समस्यालाई नीतिगत छलफलमार्फत समाधान गर्ने प्रतिबद्धता जनाएको छ ।



नेपाल औषधि लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुका अनुसार कम्पनीले चालु आर्थिक वर्षमा हालसम्म रु पाँच करोड बराबरको औषधि बिक्री गरिसकेको छ, जबकी अघिल्लो वर्ष कूल बिक्री रु चार करोड ७८ लाख नौ हजार २६३ रहेको थियो । उनले कम्पनीको वार्षिक औषधि उत्पादन तथा बिक्रीमा १० प्रतिशत वृद्धि गर्ने लक्ष्य रहेको जनाउँदै भने, 'यदि यो संस्थानलाई राम्ररी चलाउनुछ भने मन्त्रालयमार्फत होइन, नीतिगत स्पष्टता र लगानी आवश्यक छ । अहिले बजेट शून्य छ र सरकारी भवन भाडामा दिएर तलब धानिरहेका छौँ । सरकारले आफैँ उत्पादन गरेको औषधि पनि नकिन्ने हो भने हामी कसरी बाँच्ने ?'

महाप्रबन्धक पनेरुले तीनै तहका सरकारी निकायबाट औषधि खरिद गर्दा नेपाल औषधि लिमिटेडको उत्पादनलाई अनिवार्य प्राथमिकता दिने नीतिगत व्यवस्था आवश्यक रहेकामा जोड दिए ।

अनुगमनपछि समितिका सभापति अब्दुल खाँनले संस्थाको समस्या गम्भीर रहेको उल्लेख गर्दै संसद्को सम्बन्धित समितिमा छलफल गरेर समाधानको पहल गरिने जानकारी दिए ।

'लिमिटेड सरकारी स्वामित्वमा रहेको संस्था हो' उनले भने, 'सरकारी निकायले आफैँले उत्पादन गरेको औषधि खरिद नगर्नु दुःखद् हो । संस्थाले पनि क्षमता विस्तार गर्नुपर्छ, हामी आवश्यक छलफलमार्फत निकास खोज्छौँ ।'

हाल औषधि लिमिटेडले सिटामोल, जीवनजललगायत ११ प्रकारका औषधिहरू उत्पादन गर्दै आएको छ भने आगामी वर्षमा यो संख्या २० पुऱ्याउने लक्ष्य राखिएको छ ।

संस्थाका अध्यक्ष यज्ञप्रसाद न्यौपानेका अनुसार हाल उत्पादनका हिसाबले संस्था सकारात्मक दिशामा अघि बढिरहेको छ । उनले उत्पादन राम्रो भएकै कारण विश्वस्वास्थ्य संगठनबाट पनि मान्यता पाएको र छिट्टै २० प्रकारका औषधिहरू उत्पादनमा पुऱ्याइने जानकारी दिए ।

# अभिलेखमै नभएको विद्यालयको नाममा भ्रष्टाचार



**काठमाडौं/मस**-अभिलेखमै नभएको विद्यालयको नाममा भ्रष्टाचार भएको पाइएको छ । डोल्पामा काल्पनिक विद्यालय खडा गरेर भवन निर्माणका लागि भन्दै ७ लाख ६० हजार रुपैयाँ हिनामिना गरेको भेटिएको हो ।

जिल्ला प्राविधिक कार्यालय, दुनै, डोल्पाका तत्कालीन कार्यालय प्रमुख इन्जिनियर रविचन्द्र पजियार, लेखापाल मनिराम कुर्मी, फर्जी निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्दसिंह बुढा र कोषाध्यक्ष संगिता बुढासमेतले आपसी मिलेमतो तथा योजनामा दुनै गाविस वडा नं २ र ३ मा विद्यालय नै नभएको दुर्गा प्राथमिक विद्यालयको नाममा २ कोठे भवन निर्माणको लागि ७ लाख ६० हजार रुपैयाँ निकासा गरी हिनामिना गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ ।

अख्तियारका अनुसार तत्कालीन दुनै गाविस २ र ३ का कुनै पनि वडा र बस्तीमा दुर्गा प्रावि तिप्ला नरहेको पाइएको हो । उक्त विद्यालयको नाममा योजना पारेको तर विद्यालय भवन नबनाई रकम अनियमितता गरेको उजुरीका आधारमा अख्तियारले अनुसन्धान थालेको थियो ।

अनुसन्धानका क्रममा दुर्गा प्राथमिक विद्यालयको नामबाट हालसम्म कुनै पनि विद्यालय सञ्चालनमा नरहेको, डोल्पाको ठूलीभेरी नगरपालिका-४ साविक दुनै गाविस वडा नं. २ र ३ मा एउटै मात्र श्री लालिगुँरास आधारभूत विद्यालय रहेको, विद्यालय निर्माणको लागि आव २०६७/०६८ मा शान्ति तथा पुननिर्माण मन्त्रालयबाट कुनै पनि रकम नआएको र भवन पनि नबनेको जिल्ला शिक्षा कार्यालय, डोल्पाले जनाएको अख्तियारले उल्लेख गरेको छ ।

आयोगबाट खटिएको प्राविधिक टोलीले गरेको स्थलगत अध्ययनबाट पनि काल्पनिक दुर्गा प्राथमिक विद्यालयको नाममा २ कोठे भवन निर्माणको लागि रकम विनियोजन गरी काल्पनिक उपभोक्ता समिति गठन गरे गराएको स्पष्ट पारेको थियो ।

अख्तियारले जिल्ला प्राविधिक कार्यालय डोल्पाका प्रमुख इन्जिनियर रविचन्द्र पजियारको सिफारिसमा उपभोक्ता समितिको नाममा खाता खोली जस्ता छानासहितको २ कोठे भवन निर्माण गरेको भनी झुट्टा तथा नक्कली कागजात तयार गरी गराई चेकमार्फत ७ लाख ६० हजार रुपैयाँ भुक्तानी दिएको जनाएको छ । सो कार्यमा संलग्न इन्जिनियर पजियारसहित लेखापाल मनिराम कुर्मी, फर्जी निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्दसिंह बुढा र कोषाध्यक्ष संगिता बुढाविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।

# विनयी खोलाको पुल सञ्चालनमा



**काठमाडौं/मस**-नारायणगढ-बुटवल सडकखण्डको दुम्कीबासस्थित विनयी खोलामा निर्मित पुलबाट बिहीबारदेखि यातायात सञ्चालन गरिएको छ । गत वर्ष पुस २६ गते विनयी खोलामा रहेको फलामे पुल भाँच्चिएपछि यातायात सञ्चालनमा समस्या आएको थियो । नवलपरासी पूर्वमा पर्ने विनयी खोलामा भाँचिएको पुल ६ महिनाभित्रै बनेर सञ्चालनमा ल्याइएको छ ।

वर्षाको समयमा खोलामा बाढी आएपछि डाइभर्सनमार्फत् सवारी चलाउन समस्या हुँदै आएको थियो । सोही स्थानमा गत असार ६ गते बाढीले यात्रुवाहक बस बगाएको थियो ।

बिहीबारबाट सोझै विनयी पुलबाट सबै गाडी गुड्न थालेको बुटवल-नारायणगढ सडक आयोजना पूर्वी खण्डका प्रमुख इन्जिनियर ईश्वर बहादुर रिजालले जानकारी दिए । उनका अनुसार बिहीबार मध्याह्न १२ बजेदेखि पक्की पुलबाट यातायात सञ्चालन भएका हुन् ।

२१ करोडका लागतमा २४५ मिटर लम्बाइको पुल बनेको छ । यहाँबाट एक पटकमा १०० टन मात्र मालसामान ढुवानी हुन सक्ने आयोजना पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर शिव खनालले जानकारी दिए । पुलबाट यातायात सञ्चालन भएपछि मालवाहक गाडीसमेत यही पुल हुँदै वारपार गरेका छन् । बिहीबारबाट डाइभर्सन हुँदै आउजाउ गर्नुपर्ने बाध्यता हटेको छ ।

पानी पर्नासाथ बाढीले डाइभर्सन बगाउने बाध्यता समेत थियो । आयोजनाका अनुसार अहिलेसम्म ९ पटक बाढीले डाइभर्सन बगाएको छ । पूर्वी सडकखण्डमा ३४ वटा पुल रहेका छन् । त्यसमध्ये ३१ वटा पुल निर्माण भइसकेको खनालले जानकारी दिए । उनका अनुसार जयश्री, गिरुबारी र अरुणखोलामा पुल निर्माण हुँदै छ । यस सडक खण्डको सास्ती भने अझै बाँकी छ । दाउन्ने सडक खण्डको १४ किलोमिटर सडकमा पानी पर्ना साथ गाडी फस्ने हुँदा घण्टौं जाममा पर्नुपर्ने बाध्यता यथावत् छ ।

यस सडकखण्डको प्रगति ६९ प्रतिशत भएको छ । यसको म्याद साउन ८ गते सकिन्छ ।

# लहान नगरपालिका पूर्ण खोप सुनिश्चित नगर

**सिरहा/मस**-सिरहाको लहान नगरपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा भएको छ । पालिकाका ३५ सय ३९ बालबालिकालाई १३ प्रकारको खोप लगाएपछि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको स्वास्थ्य शाखाका प्रमुख विन्देश्वर चौधरीले जानकारी दिए ।

नगरको २४ वटै वडामा खोज अभियान सञ्चालन गरेर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित गरिएको नगर प्रमुख महेश प्रसाद चौधरीले बताए । गत फागुन महिनादेखि यो अभियान सुरू गरिएको थियो । यस अभियानअन्तर्गत ३५ सय ३९ बालबालिकालाई १३ प्रकारको खोप लगाएको थियो ।

१६ देखि ५९ महिनासम्मका बालबालिकालाई खोप लगाएको छ । बिसीजी, डिपिटि, पोलियो, हेबि, एमआर, जेईलगायतका खोप लगाएको उनले बताए । हाल नगरपालिकामा २४ वटा वडाको १६ वटा स्वास्थ्य केन्द्रबाट खोप सेवा दिइएको थियो । स्वास्थ्य केन्द्रमा आउन नसकेका बालबालिकाहरूलाइ खोजेर खोप लगाइएको थियो । नगर प्रमुख चौधरीले भने,'खोपको सुनिश्चितता भएपछि भविष्यमा लाग्न सक्ने रोगबाट बालबालिकालाई जोगाउन मद्दत पुग्ने पुग्नेछ ।'

# चोभार गल्छीका ऐतिहासिक चट्टानहरू नहटाइने

**काठमाडौं/मस**-सहरी विकास मन्त्रालयले काठमाडौंको चोभार गल्छीका चट्टान नफोडिने स्पष्ट पारेको छ । मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै निकास विन्दुका रुपमा रहेको गल्छीका चट्टान नफोडिने उल्लेख गर्दै त्यहाँ रहेको फोहोर भने हटाउने बताएको हो ।



अविरल वर्षाका बेला चोभार गल्छी आसपास डुबानको समस्या दोहोरिँदै आएपछि फोहोर व्यवस्थापन गरिने लागेको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले ऐतिहासिक चट्टानहरू हटाउने कुनै योजना नभएको उल्लेख गर्दै अनावश्यक रुपमा भ्रम फैलाउने काम भएको बताए ।

उनले भने, 'गल्छी वरपरको क्षेत्रमा विगतमा बगाएर ल्याएको फोहोर हटाउने, पहिरो जान सक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी रोकथाम गर्ने र दीर्घकालीन समाधानका लागि आवश्यक प्राविधिक अध्ययनसहित कार्ययोजना तयार गर्ने हाम्रो मुख्य उद्देश्य हो । मन्त्रालयले चोभार गल्छी चौडा पार्ने वा प्राकृतिक रूपमा रहेका ऐतिहासिक चट्टानहरू हटाउने कुनै योजना नरहेको स्पष्ट पार्दै यस्ता कार्यको भ्रम फैलाउनु अनुचित हो ।'

मैनालीका अनुसार चोभार गल्छी उपत्यकाको प्रमुख जलनिकास बिन्दु हो जहाँ सहरभरिका खोलानाला भएर बगेका पानीहरू भेला हुने र वर्षाको समयमा पानीको निकास अवरुद्ध हुँदा सहरका विभिन्न क्षेत्रहरू डुबानमा पर्ने जोखिम बढ्दो छ ।

उनले यस क्षेत्रको दीर्घकालीन व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयले आफ्नो उद्देश्य स्पष्ट पार्दै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको चोभार गल्छीको मौलिक स्वरूपलाई जोगाउँदै डुबान न्यूनीकरण गर्न फोहोरको व्यवस्थापन गरिने बताए ।

'प्राकृतिक सम्पदाहरूको संरक्षण गर्दै मानव सुरक्षामा जोड दिने नीति अनुसार चोभार क्षेत्रमा काम अघि बढाइनेछ', विज्ञप्तिमा उल्लेख छ ।

यही असार १४ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको ३२औँ बैठकबाटे चोभार गल्छीमा सम्भावित डुबान न्यूनीकरण गर्न नेपाली सेनासँग समन्वयमा आवश्यक कदम चाल्न निर्देशन दिइएपछि सामाजिक सञ्जाल र विभिन्न राजनीतिक वृत्तहरूमा यस विषयलाई लिएर विभिन्न धारणा सार्वजनिक भएको भन्दै मन्त्रालयले असन्तुष्टि जनाएको छ ।

विपद् न्यूनीकरणसँग सम्बन्धित निर्णयहरूमा जनचासो बढ्दो रहेको बेला मन्त्रालयको यो स्पष्टिकरणले विवादको निराकरण गर्ने अपेक्षा गरिएको छ ।

# ललितपुर महानगरपालिका पूर्ण खोप सुनिश्चित स्थानीय तह

**ललितपुर/मस**-ललितपुर महानगरपालिका पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा भएको छ । 'स्थानीय स्वामित्व र सहभागिताः पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ बुधबार महानगरलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना स्थानीय तह घोषणा गरिएको हो ।



जिल्लाका छ वटा स्थानीय तहमध्ये महानगर पूर्णखोप सुनिश्चितता तथा दिगोपना स्थानीय तह घोषणा हुने पाँचौ स्थानीय तह हो । यसअघि ललितपुरको दक्षिण पूर्वीभेगमा रहेको महाँकाल गाउँपालिकाले २०८२ वैशाख ३१ गते, काठमाडौं उपत्यकाभित्रै पर्ने महालक्ष्मी नगरपालिकाले जेठ ११ गते, बागमती गाउँपालिकाले जेठ १३ गते र कोन्ज्योसोम गाउँपालिकाले जेठ ३१ गते पूर्णखोप सुनिश्चितता तथा दिगोपना स्थानीय तह घोषणा गरेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा भुवन पौडेलले जानकारी गराए ।

पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा कार्यक्रममा मन्तव्य राख्दै महानगरप्रमुख चिरीबाबु महर्जनले ललितपुर महानगरले स्वास्थ्यकर्मी, कर्मचारी र जनप्रतिनिधिको सामूहिक प्रयासबाट स्वास्थ्य क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गरेको बताए । 'हामीलाई नगरपालिका संघले २९३ नगरपालिकामध्ये उत्कृष्ट भनेर पुरस्कृत गरिसकेको छ, जिल्ला जनस्वास्थ्य र विश्व स्वास्थ्य संगठनबाट हामीले महत्त्वपूर्ण सहयोग पाइरहेका छौं, हामी अत्यन्तै निगरानी गरेर यसलाई कायम राख्न तयार छौं', उनले भने ।

डा.पौडेलले खोप अभियान स्वास्थ क्षेत्रको प्रभावकारी कार्य भएको बताए । उनले निरन्तर र प्रभावकारी काम गर्दै यसलाई दिगोरुपमा व्यवस्थापन गर्न आग्रह गरे । 'सबै वर्ग र क्षेत्रलाई समेटेर लैजानुपर्ने दायित्व स्थानीय सरकारको छ, पूर्णखोप सुनिश्चितता तथा दिगोपना सहज छैन, यो कठिन कार्यमा लाग्ने सबैले प्रशंसनीय काम गर्नुभएको छ, यसमा धन्यवाद भन्न चाहान्छु', उनले भने ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का प्रतिनिधि डा सागर शाक्यले पूर्ण खोप सुनिश्चितता घोषणासँगै दिगोपना कायम गर्न आग्रह गर्दै काठमाडौं महानगरपालिकाभन्दा पहिला नै घोषणा गर्न सफल भएकामा बधाइ दिए । राष्ट्रिय खोप कार्यक्रम बाल मृत्युदर घटाउने अभिप्रायले लागू गरिएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम भएको जनस्वास्थ्य शाखा प्रमुख सरिता महर्जनले जानकारी गराए ।

'राष्ट्रिय खोप कार्यक्रममा १५ महिना मूनिका बालबालिकाले क्षयरोग, रोटा, पोलियोमाइलाइटिस, न्यूमोनिया, मेनिन्जाइटीस, भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, जापानिज इन्सेफालाइटिस, दादुरा, रुबेला र टाइफाइडसमेत १३ प्रकारका सरुवा रोगविरुद्धका खोप प्राप्त गरेको र गर्भवती महिला टीडी, धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप प्राप्त गरिसकेको सुनिश्चित भएपछि पूर्ण खोप सुनिश्चित स्थानीय तह घोषणा गरिन्छ, जुन ललितपुर महानगरले सम्पन्न गरेको छ', उनले भने ।

राष्ट्रिय स्तरमा २०३४ मा सुरु भएको खोप अभियानलाई अहिले दिगो विकास लक्ष्यको एउटा सूचक मानेर देशैभर स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेश र देशलाई नै पूर्णखोपयुक्त घोषणाको तयारीअनुसार काम भइरहेको छ । पूर्णखोप सुनिश्चितताका लागि तोकिएअनुसारका खोप प्राप्त गर्नु हरेक बालबालिकाको नैसर्गिक अधिकार भएको उनले जानकारी गराए ।

सन् २०१५ मा नेपाललगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका लक्ष्य हासिल गर्ने नीतिअनुरुप पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा अभियान देशैभर जारी रहेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२० असार २०८२ शुक्रबार
4 July 2025, Friday

सम्पादकीय

# विश्वासकै पिर

सर्वोच्च अदालतको संवैधानिक इजलासले बुधबार मध्यरात बहुप्रतिक्षित मुद्दाको फैसला सुनायो । प्रधान न्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासले सुनाएको फैसला बमोजिम संवैधानिक निकायका ५२ पदाधिकारीको नियुक्ति सदर भएको छ । प्रधान न्यायाधीश राउत र न्यायाधीश डा.नहकुल सुवेदीले नियुक्ति बदरको राय राखेका थिए । तर न्यायाधीशहरू सपना प्रधान मल्ल, डा.मनोज शर्मा र डा.कुमार चुडालले नियुक्ति सदरको राय दिए । यसरी संवैधानिक इजलासको बहुमतबाट साढे चार वर्ष अगाडि भएका नियुक्ति सदर भएको छ । सुनुवाइ सकेर पनि पटकपटक निर्णय सुनाउने मिति सर्वोच्चले सारिरहनुको अर्थ पनि बुधबार मध्यरातको फैसलासँगै प्रष्ट भयो । अर्थात् संसदीय सुनुवाइ बिना भएको नियुक्तिलाई सदर गर्ने वा बदर भन्नेमा न्यायाधीशहरू नै बाँडिए । सकेसम्म साझा मत बनाउने प्रयत्न प्रधानन्यायाधीश राउतबाट भएको प्रष्ट भयो ।

फैसलापछि विभिन्न थरी प्रतिक्रिया आइरहेको छ । सम्मानित सर्वोच्चको आदेश स्वीकार्य हुने भन्दै राजनीतिक नेतृत्वबाट आ–आफ्ना धारणा सार्वजनिक भइरहेको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेका नेताहरूले यो फैसलालाई स्वागत गरेको देखिन्छ । महासचिव शंकर पोखरेलले लामो समयको विवाद हल भएको प्रतिक्रिया सामाजिक सञ्जालमा लेखेका छन् । अरू नेताले महासचिव पोखरेलकै प्रतिक्रियालाई पछ्याएको देखिन्छ । तर जसले नियुक्ति बदरको अपेक्षा राखेका थिए । उनीहरू निराश देखिएका छन् । विशेषगरी नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र नागरिक समाजको एउटा पंक्ति सर्वोच्चको फैसलाप्रति बेखुश छन् । उनीहरूको तर्क अनुसार संसदीय सुनुवाइ छलेर भएको नियुक्ति बदर हुनुपर्ने थियो ।

नियुक्ति प्रक्रियालाई आमसञ्चार माध्यम सहित नेताहरूले पनि सम्झिएको देखिन्छ । हुनपनि विभिन्न संवैधानिक निकायमा त्यसबेला भएको ५२ जनाको नियुक्ति तत्कालीन नेकपाको विवादसँग जोडिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर नियुक्ति सिफारिस गरेका थिए । विपक्षी दलको नेता र सभामुखको अनुपस्थिति अनि उपसभामुख रिक्त रहेका बेला ओलीले आफू निकटहरू राखेर संवैधानिक नियुक्तिमा सिफारिस गरेका थिए । लगत्तै, प्रतिनिधि सभा विघटन गर्ने निर्णय गरेका थिए । प्रतिनिधि सभा विघटन सर्वोच्च अदालतबाट बदर भएको थियो । तर संवैधानिक निकायमा भएको नियुक्तिविरूद्धको मुद्दामा सर्वोच्चले सुनुवाइ गरेको थिएन । लामो समयपछि यो मुद्दा टुंगिएको छ, तर नियुक्ति सदर गर्नेगरी । यो फैसला अब कार्यान्वयनमा जाने नै छ, तर न्यायिक इतिहासमा एउटा नजीर फैसला बन्न पुगेको छ । र, फेरि पनि न्यायालयको विश्वासबारे विमर्श सतहमा आएको छ ।

# कृषि क्षेत्रप्रति राज्यको नीति

*कृषिमा आधुनिकीकरण गरेमा उत्पादन बढाउन सकिन्छ । तर, हामी अझै पनि परम्परागत कृषि कर्ममा छौँ । जसले उच्चतम उत्पादन दिन सक्दैन र लागत पनि घटाउन सक्दैन...*

अग्रलेख



● भरत प्रसाद देवकोटा

नेपाल कृषिमा फड्को मार्न सक्ने बताइरहँदा अन्ततोगत्वा देशले कृषि उत्पादनमा नयाँ विधि र प्रणालीका साथ अघि बढ्नुको विकल्प नहुन सक्छ । कृषि र किसानलाई प्रोत्साहन गर्न सुरक्षा ग्यारेन्टीको प्रबन्ध मिलाउन सके मात्र कृषि व्यवसायले गति लिन सक्छ । तर, वर्तमानमा हाम्रो कृषि क्षेत्रमा देखिएको र भोगिरहेका प्रमुख समस्या भनेकै बजारसम्मको पहुँच हो । किसानको बजारसम्म पहुँच र प्रभाव हुन सकेको छैन । साथै, उत्पादन गरिएको वस्तुको भण्डारणमा उचित व्यवस्थासमेत नहुने भएकाले किसान सस्तो मूल्यमा आफ्ना उत्पादन बेच्न बाध्य हुने गरेको तथ्य हामीसामु छर्लङ्ग छ ।

१५औं योजनामा कृषिलाई २०८६ सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउनुपर्ने लक्ष्य लिएको छ । सो योजना अवधिको अन्त्यमा धानको उत्पादकत्व ३.६ मेट्रिक टनबाट ४.५ मेट्रिक टन लिने गरी अघि बढेको देखिन्छ । आर्थिक वर्ष २०७३/०७४ देखि सुरु भएर आर्थिक वर्ष २०८२/०८३ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अवधि रहेको छ । परियोजनाको कुल लगानी १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको थियो । यो परियोजना नेपाल सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाट सञ्चालित गरिएको हो । परियोजनाको लक्ष्यअनुसार काम पूरा भयो या भएन त्यो कृषकले मूल्यांकन गर्नेछन् । सुपर जोनअन्तर्गत धान बालीको लागि झापा, कपिलवस्तु, बर्दिया र कञ्चनपुर गरी ४ जिल्ला समावेश गरिएका थिए । आर्थिक वर्ष २०८१/०८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा धान रोपाइ भएको पाइन्छ ।

निर्वाहमुखी कृषि पेसालाई व्यावसायिक कृषि पेसातर्फ उन्मुख गराउनुपर्दछ । कृषि व्यवसायअन्तर्गत बाली तथा पशु धनको सम्भावित हानी नोक्सानीबाट उत्पन्न हुने आर्थिक क्षतिपूर्तिका लागि गरिने कृषिमा हरेक कृषकको सहज रूपमा पहुँच हुने गरी राज्यले काम गर्नुपर्दछ ।

नेपालमा कृषि क्षेत्रको सुधारका लागि केही कानुनी ढाँचा बनाइएको छ । र, जसका माध्यमबाट कृषि उत्पादनमा वृद्धि ल्याउने प्रयास गरिएको छ । विशेषगरी दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्दै कृषि उत्पादकत्व बढाउने लक्ष्य राखेको छ । जलवायु परिवर्तन कृषि क्षेत्रमा सबैभन्दा गम्भीर चुनौती हो र यसले मौसमको अनियमितता निम्त्याइरहेको छ । जसले गर्दा बाली उत्पादनमा ठूलो असर परेको छ । बढ्दो तापक्रम सुक्खा बाढी र पहिरो जस्ता समस्याले खेतीयोग्य जमिनलाई नष्ट गरिरहेको छ, यसले बालीको उत्पादन मात्र होइन कृषकको जीवनस्तरमा पनि प्रत्यक्ष असर पुऱ्याइरहेको देखिन्छ । गरिब किसानको भण्डारणको अभावले फाइदा उनीहरूले उठाइरहेका छन् । किसान आफ्ना उत्पादनहरू मेहनतको मूल्य समेत नउठ्ने कम मूल्यमा बेच्न बाध्य भइरहेका छन् । बिचौलिया रातारात मालामाल भइरहेका देखिन्छन् । यस्तो स्थितिको अन्त्य नभएसम्म कृषकको उत्थान अनि प्रगति हुँदैन । गरिबी निवारण र कृषिमा निर्भरता हाम्रा दिवा सपना सिवाय अरू हुन सक्दैनन् ।

कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन सकिन्छ । तर, हामी अझै पनि परम्परागत कृषि कर्ममा छौँ । जसले उच्चतम उत्पादन दिन सक्दैन र लागत पनि घटाउन सक्दैन ।

नेपालमा कृषि क्षेत्रले मौसम र जलवायु परिवर्तनको गम्भीर असर भोग्दै आएको छ । किसान मल, मूल्य बजार आदि कुरामा सचेत छैनन्, उत्पादन र वितरणमा बिचौलियाको भर पर्नुपर्ने अवस्था छ । राज्यले प्रदान गरेका सुविधा पनि सीमित व्यक्तिले मात्र उपयोग गरिरहेका छन् । उन्नत कृषि प्रणालीको प्रयोगमा सामान्य किसान समेटिन सकेका छैनन् । नमुना क्षेत्र जस्ता कार्यक्रम थप प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । हाम्रो देशको कृषि प्रणाली जति नै ठूला गफ गरे



पनि निर्वाहमुखीबाट माथि उठ्न सकेको देखिँदैन । अझ हरेक कुरा विदेशीको भरपर्नुपर्ने बाध्यता रहेको छ । किसानलाई कृषि औजार, उपकरण, बिउ बिजन, मलखात खरिददेखि लिएर कृषि युवा लक्षित कार्यक्रमअन्तर्गत विभिन्न व्यवसाय सञ्चालन र प्रवर्द्धनका लागि रकम प्रदान गरेर कृषिलाई आत्मनिर्भर बनाउन सक्नुपर्दछ । उचित मात्रा नमिलाई प्रयोग भएको रासायनिक मलको कारणले माटोको खस्किँदो गुणस्तर, बदलिँदो मौसम चक्र, घट्दो खेतीयोग्य जमिन, भएको जमिन पनि प्लटिङको कारणले अनुत्पादक हुन पुगेको तितो यथार्थ हाम्रो सामु देखिन्छ ।

कृषिप्रधान देशमा ३० लाख हेक्टर जमिन खेतीयोग्य छ । त्यसमध्ये १० लाख हेक्टर जमिन बाँझो रहेको तथ्यांकले देखाउँछ । देशको कुल उत्पादनको लगभग २५- ३० प्रतिशत कृषि क्षेत्रबाट आउने गर्छ । यद्यपि, नेपालले करिब ६५ प्रतिशत जनसंख्या कृषिमा निर्भर छन्, तर उत्पादकत्वमा कमी आधुनिक प्रविधिको अभाव र बजार व्यवस्थापनको कमजोरीले कृषि क्षेत्रले अपेक्षाकृत योगदान दिन सकेको छैन । सरकारले कृषिमा निजी क्षेत्रलाई समेत आकर्षित गरी यान्त्रीकरण र आधुनिकीकरण र व्यवसाय गर्दै कृषिमा आकर्षित गर्न किसानलाई अनुदान, कृषि बिमा, सुलभ ऋण, ब्याजदरमा अनुदान, किसान कल्याणका योजना, किसान पेन्सनका कार्यक्रम ल्याउनुपर्दछ । राज्यले उपयुक्त नीति लिएर किसानलाई बिउ, मल, कीटनाशक औषधि, कर्जा, उपकरण र सिँचाई समयमा उपलब्ध गर्नुका साथै उत्पादित वस्तुको बिक्रीका लागि बजारको व्यवस्थापन गर्नुपर्दछ । कृषि क्षेत्रमा दिइने अनुदान पहुँचवालाले बढी लिने गरेको देखिन्छ । सरकारले अनुदान किसानसम्म नपुग्दा पनि उत्पादन बढ्न नसकेको हुँदा त्यसलाई वास्तविक किसानसम्म पुऱ्याएर उत्पादन र उत्पादकत्व बढाउनुपर्दछ ।

प्रधानमन्त्री कृषि आधुनिक परियोजनालाई साना व्यवसायी कृषि उत्पादन केन्द्र, पकेट, ब्लक जोन, सुपर जोन विकास कार्यक्रमसमेत ४ भागमा विभाजन गरिएको छ । परियोजना अवधिमा २१ सुपर जोन, ३०० जोन, १५ ब्लक र १५००० पकेट क्षेत्र स्थापना गर्ने लक्ष्य रहेको छ । प्रत्येक २ वर्षमा परिजना कार्यान्वयनको मूल्यांकन गर्नुपर्ने भए पनि परियोजना सञ्चालन भएको ८ वर्षसम्म पनि मूल्यांकन नगरेको देखिएको पाइन्छ ।

> *नेपालको मुख्य खाद्यबाली धान खेती हो । यदि धान खेतीलाई उचित ध्यान दिन सकेमा, त्यसले खाद्य आवश्यकतामात्रै पूरा गर्दैन, व्यापार घाटा कम गर्न पनि ठूलो टेवा दिन्छ । यद्यपि, राज्यले नाममा महत्व दिने, तर व्यवहारमा ध्यान नदिने गरेको छ...*

धानको उत्पत्ति र खेती चीनबाट सुरु भएको हो भन्ने कुरामा एकमत भए पनि कहिले भन्ने कुरामा यकिन छैन । चीनपछि भारतीय उपमहाद्वीपको गङ्गा मैदानमा भएको खेती फैलियो । विश्वमा उत्पादन हुने करिब ७५ प्रतिशत धान चीन र भारतले उत्पादन गर्छन् । धान विश्वका ६० प्रतिशत मानिसको प्रमुख खाद्यान्न बाली रहेको देखिन्छ । एसियाका ९० प्रतिशत मानिसको खाना मुख्य आधार धान नै मानिएको छ । धान उत्पादन गर्ने प्रमुख मुलुकहरू चीन, भारत, इन्डोनेसिया बङ्गलादेश छन् भने त्यसपछिको जापान र पाकिस्तान पर्दछन् ।

धानमा मुख्य गरेर कार्बोहाइड्रेट पाइन्छ, यसको मात्रा करिब ९० प्रतिशत हुन्छ । धान बहुउपयोगी छ । यसबाट मुख्य खाना, भात, सुप, सहायक खानासहित विभिन्न परिकार बनाउन सकिन्छ । चाहे चिउरा होस् वा भुजा सबै धानकै परिकार हुन् । सँगै, धानबाट निस्कने भुसलाई गाई भैंसीको खाद्यान्नका साथै इन्धनका रूपमा समेत प्रयोग गरिन्छ । नेपालमा करिब २ हजार थरिका धान पाइन्छन् ।

नेपालका किसानहरू समयमा बिउ र मल नपाएर सीमावर्ती भारती बजारबाट गुणस्तरहीन बिउ र मल किन्न बाध्य हुन्छन् । त्यसको कारण राम्रो नफल्ने, दाना नलाग्ने आदि समस्यासँग झेल्नु परेका कुरा सञ्चारमाध्यम आइरहन्छन् । यस्ता समस्या निराकरणका लागि स्थानीय सरकारका कृषि कार्यालय मार्फत किसानलाई राहत दिन सक्नुपर्दछ । कृषि सम्बन्धी किसानलाई तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी धान उत्पादनमा वृद्धि गर्नु सबैको महत्वपूर्ण भूमिका रहन्छ ।

## इतिहासमा आज

४ जुलाई २०१५ मा २०१५ कोपा अमेरिका फाइनलमा अर्जेन्टिनालाई हराएर चिलीले अन्तर्राष्ट्रिय फुटबलमा आफ्नो पहिलो उपाधि दाबी गरेको थियो ।



४ जुलाई २००९ मा सेप्टेम्बर ११ को आक्रमणपछि सुरक्षा चिन्ताका कारण ८ वर्ष बन्द भएपछि स्ट्याच्यु अफ लिबर्टीको मुकुट जनताका लागि पुनः खुलेको थियो ।



४ जुलाई २००८ मा मिन्स्कको इन्डिपेन्डेन्स स्क्वायरमा एक कन्सर्टमा बम विस्फोट भएको थियो । जसमा ५ दर्जन जति घाइते भएका थिए ।



४ जुलाई २००४ मा युरो २००४ को फाइनलमा ग्रीसले पोर्चुगललाई हराएर आफ्नो इतिहासमा पहिलो पटक युरोपेली च्याम्पियन बनेको थियो ।



# कृषि क्षेत्रका लागि गर्नुपर्ने कर्म

विचार



● उत्तम कार्की

> *कृषि क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकताको क्षेत्रको रूपमा किटान गरिनुपर्छ । भनाइ मात्रै नभएर बजेट, योजना र कार्यक्रमले देखिने गरी कृषि क्षेत्रलाई अग्रपंक्तिमा राख्नुपर्छ । अहिले हरेक सरकारका नीति तथा कार्यक्रममा कृषि भन्ने शब्द मात्र दोहोरिएका छन्, तर व्यवहारमा त्यस्तो प्रतिबद्धता देखिँदैन...*

कृषि नेपाली जनजीवनको मेरुदण्ड हो । अधिकांश नेपाली जनसंख्या आज पनि कृषि पेशामा निर्भर छ, तर कृषि आफैं संकटको भूमरीमा छ । आधुनिकताको कृषिको पुरानो तरिका ओझेलमा परेको छ भने उत्पादन लागत बढेर कृषक झनै समस्यामा परेका छन् । यस्तो अवस्थामा अब कृषि सुधार गर्नुपर्ने, बदल्नुपर्ने, उत्पादनशील बनाउनु पर्ने, त्यसका लागि आवश्यक संरचना तयार गर्नुपर्ने बेला हो । खेती गरौं भन्ने नाराबाट अघि बढेर उत्पादन बढाऔं, बजार सुनिश्चित गरौं र कृषकको जीवनस्तर उकासौं भन्ने व्यवहारमा रुपान्तरण गर्न आवश्यक छ ।

कृषिमा सबैभन्दा पहिले गरिनुपर्ने काम कृषिलाई प्राथमिकताको क्षेत्रको रूपमा लिने हो । यो भनाइ मात्रै नभएर बजेट, योजना र कार्यक्रमले देखिने गरी कृषि क्षेत्रलाई अग्रपंक्तिमा राख्नुपर्छ । हरेक सरकारका नीति तथा कार्यक्रममा कृषि भन्ने शब्द मात्र दोहोरिए पनि व्यवहारमा त्यस्तो प्रतिबद्धता देखिँदैन । वास्तविक प्राथमिकता भनेको कृषि अनुकूल नीति, पर्याप्त लगानी, अनुदान र सहुलियतसहितको ऋण, आधुनिक प्रविधिको प्रयोग, बीउबिजन र मलको सहज आपूर्ति जस्ता पक्षमा देखिनुपर्छ ।

त्यसपछि अर्को काम हो, कृषिमा युवालाई आकर्षित गर्ने वातावरण तयार गर्नु । अहिले अधिकांश युवा वैदेशिक रोजगारीमा छन् । खेतबारी बाँझो छ । कृषि वृद्ध पुस्ताको भरमा चलिरहेको छ । यस्तो अवस्थामा आधुनिक, प्रविधिमैत्री, आयमूलक कृषि प्रणाली ल्याएर युवा पुस्तालाई फर्काउने उपाय खोजिनुपर्छ । तर, यसको लागि कृषि क्षेत्रलाई आधुनिक व्यवसायका रूपमा विकास गर्नुपर्छ । उदाहरणका लागि, ड्रिप इरिगेशन, मल्चिङ, स्मार्ट ग्रीन हाउस, माटो परीक्षण, अर्गानिक उत्पादन, मोबाइल एपमार्फत कृषि सल्लाह जस्ता प्रविधिहरू विस्तार गर्नुपर्छ ।

बीउ, मल, कीटनाशक र उपकरणको सहज उपलब्धता कृषिमा गरिनुपर्ने अर्को महत्वपूर्ण कार्य हो । नेपालमा हरेक वर्ष मलको अभावले कृषक हैरान हुन्छन् । बीउबिजनमा गुणस्तरको ग्यारेन्टी हुँदैन । किसानलाई चाहिने उपकरण बजारमा महँगो पर्छ र अनुदानका प्रक्रिया झन्झटिलो छन् । यस्तो अवस्थाले कृषकको मनोबल घटाउँछ । त्यसैले राज्यले बीउदेखि बजारसम्मको सम्पूर्ण चक्रलाई व्यवस्थित गर्न एकीकृत कृषि सेवा केन्द्र स्थापना गर्न सक्दछ ।


कृषिमा गर्नुपर्ने अर्को ठुलो काम भनेको सिँचाइ र सडकजस्ता पूर्वाधारको सुनिश्चितता हो । पानी नहुँदा धेरै ठाउँमा खेती सम्भव छैन । सडक नहुँदा उत्पादन भएको बस्तु बजारसम्म पुऱ्याउन गाह्रो हुन्छ । अझ उत्पादनको भण्डारणका लागि चिस्यान भण्डार (कोल्ड स्टोर) को पनि अभाव छ । यस्तो अवस्थामा एकातिर उत्पादन हुँदैन भने अर्कोतिर उत्पादन भएको वस्तु खेर जान्छ । त्यसैले कृषि पूर्वाधार निर्माणमा प्राथमिकता दिन जरुरी छ । सिँचाइको लागि लिफ्ट सिस्टम, सौर्य प्रविधि प्रयोग गरेर साना सिंचाइ योजनाहरू निर्माण गर्न सकिन्छ । सडक सञ्जाल विस्तारले कृषि बजारिकरणमा क्रान्ति ल्याउन सक्छ ।

कृषिमा अर्को महत्वपूर्ण कार्य बजार सुनिश्चितताको हो । किसानले उत्पादन त गर्छन्, तर मूल्य पाउँदैनन् । कहिले आलु, कहिले तरकारी, कहिले दूध पोख्नुपर्ने अवस्था आउँछ । यसको समाधान भनेको उत्पादनदेखि बजारसम्मको श्रृंखला जोड्ने हो । सहकारी संस्था, किसान समूह, सामूहिक खेती र सरकारी निकायको समन्वयमा 'फार्म टु मार्केट' मोडल लागू गर्न सकिन्छ । कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने नीति पनि प्रभावकारी ढंगले कार्यान्वयन हुनुपर्छ ।

कृषिमा अनुसन्धान र तालिम पनि गर्नुपर्ने अर्को महत्वपूर्ण क्षेत्र हो । आजको कृषि पुरानो तरिकाबाट अगाडि बढ्न सक्दैन । वैज्ञानिक विधिमा आधारित कृषि प्रणाली आवश्यक छ । अनुसन्धान गरेर हाम्रा माटो, मौसम र बाली अनुसार उपयुक्त बीउ विकास गर्नुपर्छ । कृषकलाई हरेक सिजन सुरु हुनु अगावै तालिम दिएर उनीहरूलाई जानकार बनाउनुपर्छ । कृषि विश्वविद्यालय र कृषि प्राविधिक शिक्षालयहरूसँग सहकार्य गरेर गाउँगाउँमा 'कृषि विस्तार सेवा' पुनः सक्रिय बनाउन सकिन्छ । कृषिमा गर्नुपर्ने काम भनेको कृषकको सम्मान र जीवनस्तरको सुधार हो । कृषक जनसंख्याको ठूलो हिस्सा हुन्, तर उनीहरू सामाजिक दृष्टिकोणबाट कमजोर अवस्थामा छन् । उनीहरूको श्रमको मूल्य छैन । जीवनयापनका आधारभूत आवश्यकतामा राज्यको ध्यान पुग्दैन । तसर्थ, कृषकलाई सामाजिक सुरक्षा, बीमा, पेन्सन, तालिम र सहुलियत ऋण जस्ता कार्यक्रमले टेवा दिनुपर्छ ।


यसरी हेर्दा, कृषिमा गर्नुपर्ने कामहरू थुप्रै छन् । ती कामको थालनी आजैबाट गर्नुपर्छ । कृषि सुधार बिना देशको समृद्धिको सपना केवल नारामा सीमित हुनेछ । कृषि फस्टायो भने मात्रै देश फस्टाउँछ भन्ने कुरामा नीतिनिर्माता र नागरिक दुवैले विश्वास राख्नुपर्छ ।

## सामाजिक सञ्जाल




रमेशनाथ पाण्डेय

सार्वभौम संसदले कानुन बनाउने विशेषाधिकार प्रयोग गर्दा अनधिकृतरूपमा शब्द थपेर पारित गराएर सार्वभौम संसदप्रति जनविश्वासमा पैह्रो जाने खतरा भएको छ । यसले नेपालको इतिहास र भूगोलको चिन्ता थपेको छ । प्रतिनिधिसभाले यो अक्षम्य त्रुटि सच्चाउन ढिलो गर्नुहुँदैन । झुक्क्याउने र झुक्किने परम्परा देशकै लागि घातक हुनेछ । होस गरौं- काल पल्किसकेको छ ।




बद्री विनोद खनाल

पूर्वराष्ट्रपति विद्या भण्डारीले राज्यबाट आफूले पाउँदै गरेको सेवा सुविधा निवेदन दिएर त्याग्नु भएकोमा खुसी लाग्यो । पार्टी राजनीतिमा सक्रिय नेताले राज्यको स्रोतमा लोभ गर्नु हुँदैन । पूर्वप्रम तथा उच्च पदाधिकारीले पनि विद्याले झैँ राज्यले प्रदान गरिरहेको सेवा सुविधा त्यागेर उदाहरण बनुन् ।



लेखनाथ पाण्डेय

जनप्रतिनिधिहरू पाँच-पाँच वर्षमा पनि कतिपय विद्येयक टुंगोमा पुऱ्याउन सक्दैनन् । तर, तिनीहरू कति सजिलै नागरिकले साह्रोगाह्रोले गाडीको लाइसेन्स वा बिलबुक नवीकरण गर्न तीन महिना कटाए, शतप्रतिशत जरिवाना ठोक्ने नीति बनाउँछन् । तिनलाई शरम लाग्नुपर्ने होइन ?



मानवी पौडेल

अनुमान गर्नोस् त ! यतिखेर संसदमा पेश भएको विधेयक अनधिकृतरूपमा परिवर्तन भएको खबर आइरहँदा रामहरी खतिवडाको ठाउँमा अरू कुनै सांसद भएको भए सेलेक्टिभ एक्टिभिजमका पहरेदारहरूको भुकाई र मिडनाइट स्टोरीका बिगबिगीले सामाजिक सञ्जाल हेरिसक्नु हुन्थ्यो होला त ?

असोजमा पावर समिट

# हरित ऊर्जा र क्षेत्रीय व्यापारमा केन्द्रित हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असार ।

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले नवौं संस्करणको पावर समिट गर्ने भएको छ । 'मिसन २८५०० मोगावाट : पावरीङ नेपाल, इनर्जीङ रिजन' नारासहित आगामी असोज १ र २ गते पावर समिट गर्न लागेको हो ।




नेपालको ऊर्जा उत्पादनको १ सय १४ वर्षको इतिहासमा ३६ सय मेगावाट मात्र उत्पादन क्षमता पुगेको सन्दर्भमा सन २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत उत्पादन पुऱ्याउने लक्ष्य हासिल गर्न निजी क्षेत्रको समेत दायित्व भएको भन्दै समिटको आयोजना गरिएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए ।

ऊर्जा विकास मार्ग चित्र, २०८१ को सफल कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस्तै नेपालको बढ्दो उत्पादनलाई क्षेत्रिय बजारमा व्यापार गर्न ३० भन्दा धेरै देशका लगानीकर्ताहरु, कुटनीतिक तथा विकास साझेदार नियोगका अधिकारीहरु, सरकारी तथा गैरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय परामर्शदाता कम्पनी, निर्माण व्यवसायी कम्पनी, बैंक तथा वित्तिय संस्था, बीमा कम्पनी लगायतका उपस्थिति रहने बताइएको छ ।

सरोकारवाला निकायका प्रतिनीधि, विज्ञ, विशेषज्ञ लगायतलाई एउटै छानामुनी भेला गराएर ऊर्जा समृद्धिका विभिन्न आयामहरुकोबारे नीतिगत बहस गर्ने मुख्य उद्देश्य समिटले राखेको छ । सम्मेलनमा एक हजार भन्दा बढीको सहभागिता रहने अनुमान इप्पानले गरेको छ ।

ऊर्जा मार्गचित्र कार्यान्वयनसँग जोडिएको नेपाल र दक्षिण एशियाली देशहरुको हरित र स्वच्छ ऊर्जा उपलब्धता, विद्युत र कार्बन व्यापारसँगै नविनत्तम वित्तिय उपकरणको विकास, ऊर्जा सुरक्षाको सुनिश्चितता, अन्तरदेशीय पूर्वाधारहरु निर्माणमार्फत क्षेत्रीय सम्पर्क विस्तार, नेपाल र दक्षिण एशियाली मुलुकहरुको नेट जिरो इमिसनको लक्ष्य हासिल, दिगो र समावेशी ऊर्जा विकास जस्ता क्षेत्रीय र अर्न्तराष्ट्रिय चासोलाई सम्बोधन गरी नेपाललाई हरित ऊर्जा विकासकर्ता मुलुकको रुपमा समिटले चिनाउने इप्पानले अपेक्षा गरेको छ ।

समिटमा हुने आन्तरिक तथा वाह्य पूर्वाधार निर्माण र खपत वृद्धि, जलवायु परिवर्तनको असर र न्यूनीकरणसँगै प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण जस्ता चुनौतीहरुको सामनाका विषयमा छलफल हुनेछ । समिटले नेपालको दिगो ऊर्जा विकास र क्षेत्रीय बजारमा दरिलो उपस्थितिका लागि अबको बाटो पहिल्याउने गरी ठोस सुझाव र मार्ग निर्देशन प्राप्त हुने र यसले क्षेत्रीय बजारमा नेपालको ऊर्जालाई प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । नेपालको कुल ऊर्जा उत्पादनमा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी छ ।

# विदेशबाट फर्केर केराखेती, वार्षिक १० लाख नाफा



**कैलाली/मस-** धनगढी उपमहानगरपालिका-१४ फूलबारी एचगाउँका पुष्पराज भण्डारीले व्यावसायिक केराखेती गर्दै आएका छन् । उनले भण्डारी बहुउद्देश्य कृषिफार्म दर्ता गरी विगत छ वर्षदेखि व्यवसाय गर्दै आएका छन् ।

सोह्र वर्षको कलिलै उमेरमा वैदेशिक रोजगारीका लागि मलेसिया गएका भण्डारी २० वर्षसम्म वैदेशिक रोजगार गरी घर फर्किएपछि केराखेतीमा लागेका हुन् । उनले कोराना महामारी फैलिएपछि भएको 'लकडाउन' कै बीचमा व्यवसाय सुरु गरेका हुन् ।

'विदेशबाट फर्केएपछि फुर्सदमा घर बसिरहेको थिए, त्यतिबेला नेपालसहित सारा विश्व नै कोभिड-१९ को महामारीमा थियो । उक्त समयमा बजारमा अर्को व्यापार सुरु गर्ने अवस्था थिएन', भण्डारीले भने, 'गाउँमा केही व्यक्तिले केराखेती व्यवसाय गरेका थिए, त्यो देखेर मैले पनि अब केराखेती नै गर्नुपर्छ भन्ने व्यवसाय सुरु गरेको हुँ ।'

उनले आफ्नो एक बिघा जमिनमा केराखेती गरेका छन् । त्यसबाट वार्षिक १५ लाख रुपैयाँ बराबर केराको कारोबार हुने र १० लाख रुपैयाँ फाइदा हुने गरेको भण्डारीले सुनाए । उनले उत्पादित केरा बिक्रीका लागि धनगढी र नजिकैको स्थानीय बजारमा बिक्री गर्ने गरेको बताए ।

कृषक भण्डारीको परिवारमा आमा, श्रीमती, छोराछोरी गरी पाँच जना छन् । उनले परिवारको लालनपालन, छोराछोरीको शिक्षादीक्षालगायत सम्पूर्ण खर्च सोही व्यवसायबाट धान्दै आएका छन् ।

हिजोआज धेरैजसो व्यक्तिहरू कमाउनका लागि विदेश पलायन भइरहेका बेला भण्डारी भने विदेशको मोह त्यागेर आफ्नो ठाउँ र परिवारसँगै बसेर व्यवसाय गरिरहेका छन् । 'गर्न जान्यो भने आफ्नै देशमा पनि केही हुन्छ भन्ने उदाहरण दिइरहेको छु । पाँच जनाको परिवारको खर्च यसैबाट टरेको छ' उनले भने, 'सबैभन्दा ठूलो कुरा आफ्नै देशमा घरपरिवार, समाज र साथीभाइसँगै बसेर रमाउन र कमाउन पाइएको छ । यो नै खुसीको कुरा हो ।' भण्डारीको बसोबास क्षेत्र अर्थात् वडा नं १४ मा हिजोआज १० जना जति कृषकले केराखेती गरिरहेका छन् । यसको विकास र बिस्तारका लागि सरकारले अनुदानका साथै समयमै मलखाद र बीउबिजन सहुलियत मूल्यमा उपलब्ध गराई दिए धेरै सहज हुने उनको भनाइ छ ।

# 'नाडा अटो शो २०२५'को स्टल बाँडफाँट, ७५ बढी स्टल रहने

**काठमाडौं/मस-** १७ औं संस्करणको 'नाडा अटो शो २०२५'को स्टल बाँडफाँट भएको छ । आगामी भदौ ३ देखि ८ गतेसम्म भृकुटीमण्डपमा आयोजना हुने 'नाडा अटो शो २०२५'को स्टलको तयारी सकिएको नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपाल (नाडा)ले जनाएको छ । अटो शोमा चार पाँग्रे सावारी साधन ब्राण्डमा दीपल, अवतार, डोङफेङ, नामी, सेरेस, टाटा, सुजुकी, टेस्ला, एवोन, एक्सपेङ, रिडारा, स्काइवेल, बीवाइडी, फोटोन, बीएडब्लू, जेवाइ एयर, एलएस अटो, ब्लभल,




जिनपेङलगायत प्रदर्शनी रहने छ ।

यस्तै दुई पाङ्ग्रे ब्राण्डमा हिरो, रोयल इनफिल्ड, जोनसन र यामाहा सहभागी हुने भएका छन् । लाइट कमर्शियल भेहिकलमा न्यू गोन्वो, डीएफएसके, डोङफेङ, कामा, फोटोन, सोकोन, सीजी केवासीरकिङलङ, मोन्त्रा, स्काइवर्थ, कावेइरनाभेको, सनलङ ब्रान्डको सहभागी हुनेछ । अटोशोमा ७५ बढी स्टल रहने नाडाले जनाएको छ । जसमा १८ वटा चार पाङ्ग्रे, ४ वटा दुई पाङ्ग्रे र १३ वटा लाइट कमर्शियल सवारी ब्राण्डको स्टल रहने नाडाले जनाएको छ । त्यस्तै, अटो शोमा लुब्रिकेन्ट, टायर, स्पेयर पार्टसलगायतको ४० वटा स्टल रहने छन् ।

# एससीटीले ल्यायो स्मार्ट जुलाई अफर

**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज (एससीटी)ले एक महिने अफर ल्याएको छ ।

कम्पनीले एससीटी यूपीआई कार्ड प्रयोगकर्ताहरुका लागि देशभर १२० भन्दा धेरै शाखा रहेको




बिगमार्टमा स्मार्ट जुलाई अफर ल्याएको हो । यो अफर अन्तर्गत ग्राहकले बिगमार्टमा एससीटी यूपीआई कार्डबाट भुक्तानी गर्दा एकपटकमा १० प्रतिशत वा अधिकतम १०० रुपैयाँसम्म छुट पाउने छन् । छुट पाउन एससीटी यूपीआई कार्ड प्रयोग गरी पीओएस मेसिनमार्फत भुक्तानी गर्नु पर्नेछ ।

# एभरेष्ट बैंकको १३३औं शाखा बर्दिबासमा



**काठमाडौं/मस-** एभरेष्ट बैंकले मधेश प्रदेशको महोत्तरी बर्दिबास नगरपालिका-१ मा

१३३औं शाखा विस्तार गरेको छ । शाखासँगै मधेश प्रदेशमा बैंकको शाखा संख्या १५ पुगेको छ । यस शाखाको उद्घाटनसँगै महोत्तरीबासीले अत्याधुनिक, सरल र सहज बैंकिङ सुविधा लिन सक्ने बैंकले जनाएको छ ।

बर्दिबास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्री र बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङबाट संयुक्त रुपमा शाखा उद्घाटन गरेका हुन् । बर्दिबासमा बैंकको शाखा कार्यालय स्थापनासँगै अब यस क्षेत्रको आर्थिक गतिविधि अझ बढ्न गई समग्र आर्थिक विकाशमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ । बर्दिबास नगरपालिका-१ का वडा अध्यक्ष भोला खड्का, बर्दिबास उद्योग बाणिज्य संघका अध्यक्ष विष्णु खड्का, बैंकका मधेश प्रदेशका प्रदेश प्रमुख पुष्पराज उप्रेती, बैंकका कर्मचारीहरु लगायत स्थानीयवासीको समेत उपस्थिती रहेको थियो ।




प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
ओखलढुंगा
कोशी प्रदेश,नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/०३/२०

यस कार्यालयको मिति २०८२/०२/०८ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरुको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-BRIDGE-31-2081/082 | Construction of Bhungra Khola Motorable Bridge, Mapya Dudhkoshi -4 & 5, Kaku, Solukhumbu | Yati Nirman Sewa,Solu Dudhkunda-5, Solukhumbu,Nepal | NRs.4,13,27,878.40 |

Office Chief

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, दैलेख

**जग्गा अधिग्रहण सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२/०३/२०)

नौमूले गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने प्रयोजनार्थ तपसिल बमोजिमका जग्गाहरु जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम नौमूले गाउँपालिकाको नाममा प्राप्ति गर्नुपर्ने भएकोले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उपदफा (१) को व्यवस्था अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफ्नो जग्गा गाउँपालिकाको प्रशासकीय भवन निर्माण प्रयोजनार्थ प्राप्ति गर्नु नपर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले यस कार्यालय मार्फत नेपाल सरकार गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ ।

तपसिल

| क्र. सं. | जग्गाधनीको नाम थर | साविक गा.वि.स. | साविक वडा नं. | कित्ता नं. | जग्गाको कुल क्षेत्रफल (व.मि.) | प्राप्तिगर्नुपर्ने जग्गाको क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | टेक बहादुर राम्जालीमगर | नौमुले | 6 | 191 | 2520 | 790.90 | हाल नौमूले गाउँपालिका वडा नं. 5 |
| 2 | धन बहादुर राम्जालीमगर | नौमुले | 6 | 110 | 710 | 220.78 | |
| 3 | श्रीमती डिलमायाराम्जाली मगर | नौमुले | 6 | 189 | 605 | 50.26 | |
| 4 | नर बहादुर थापा मगर | नौमुले | 6 | 188 | 540 | 120.30 | |
| 5 | पदम बहादुर थापा मगर | नौमुले | 6 | 187 | 385 | 204.00 | |
| 6 | नैने दर्लामी | नौमुले | 6 | 186 | 730 | 211.60 | |
| 7 | पूर्ण बहादुर सिजालीमगर | नौमुले | 6 | 214 | 420 | 115.00 | |
| 8 | खगे मगर | नौमुले | 6 | 213 | 420 | 15.96 | |
| 9 | करिष्मा सिजाली मगर | नौमुले | 6 | 181 | 725 | 725.00 | |
| 10 | खड्क बहादुर सिजाली | नौमुले | 6 | 180 | 1100 | 361.16 | |
| 11 | विर्मा सिजाली | नौमुले | 6 | 230 | 1319 | 1000.00 | |
| जम्मा | | | | | 9474 | 3814.96 | |

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**